का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ कात्तिक २०८१,
आइतबार
20 October, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २४४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पार्टी नबन्दै सकिने भय

नेताहरूका अनुसार एकीकृत समाजवादी फुटको संघारमा छ । प्रचलित ऐनअनुसार नयाँ पार्टी पाँच वर्षसम्म फुट्न नपाउने भएकाले यसलाई बदलेर फुट्न पाउनेगरी सरकारले अध्यादेश ल्याउने तयारी गरेसँगै यो पार्टीमा हलचल आएको नेताहरू बताउँछन् ।



पार्टीभित्र एउटा समूह करेक्सन गर्नुपर्छ, फेरि महाधिवेशन बोलाउने हो कि भन्नेमा छ । संस्थापन धार जे भयो, सकेसम्म सहिष्णु भएर सुधार गर्दै नयाँ जिम्मेवारी बाँड्दै जानुपर्छ भनिरहेको छ ।

■ **वंशिधर मिश्र**
**नेता, एकीकृत समाजवादी**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक ।

नेकपा एकीकृत समाजवादीभित्र असन्तुष्टि देखा परेको छ । पार्टी नै फुटाउने तहसम्मको तयारीमा कतिपय नेताहरू लागेपछि अध्यक्ष माधवकुमार नेपाल लगायत शीर्ष नेताहरू मिलाउन लागेका छन् । तर समस्या जटिल बनिसकेको नेताहरू बताउँछन् ।

नेताहरूका अनुसार एकीकृत समाजवादी फुटकै संघारमा छ । एकीकृत समाजवादी एमालेबाट फुटेर बनेको दल हो । २०७८ साल भदौमा एमाले फुटेर माधव नेपालको नेतृत्वमा नयाँ पार्टी बनेको थियो ।

प्रचलित ऐन अनुसार नयाँ पार्टी पाँच वर्षसम्म फुट्न पाउँदैन । यसलाई बदलेर पार्टी फुटेर बनेको नयाँ दल पनि पाँच वर्ष नपुग्दै फुट्न पाउने गरी सरकारले अध्यादेश ल्याउने तयारी गरेसँगै एकीकृत समाजवादीमा हलचल आएको नेताहरू बताउँछन् ।

एकीकृत समाजवादी पार्टीको रुपमा स्थापित हुन सकिसकेको छैन । किनभने गत चुनावमा यो दल राष्ट्रिय दल बन्न सकेन ।

पृष्ठ २ मा



चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं, हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं, चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




# राजनीतिमा आए, टिकेनन्

नेपालले अवलम्बन गरेको व्यवस्थाले महिलालाई राजनीतिमा ल्याएको छ । तर टिकाउने वातावरण बन्न नसक्दा राजनीतिमा आएका महिलाहरूको पलायन बढ्दो रहेको अध्ययनले देखाएको छ ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक ।

नेपालमा राजनीतिमा लागेका महिलाहरू छोटो समयमै पलान हुन थालेको एक अध्ययनले देखाएको छ ।

'नेपाली राजनीतिमा महिला उपलब्धि र चुनौती विषयगक अध्ययन प्रतिवेदन' मा एक पटक जनप्रतिनिधि भइसकेका नेतृहरू फेरि दोहोरिने वा माथिल्लो तहको जिम्मेवारीका लागि अग्रसर हुने संख्या न्युन देखाइएको छ ।

अध्ययनकर्ता आन्विका गिरीका अनुसार नेतृत्व तहमा पुग्ने आकांक्षा कैयन महिलाहरूमा रहेको पाइएको छ । यो सकारात्मक विषय हुँदा हुँदै पनि अगाडि बढ्न चाहने महिलाका लागि अनुकुल वातावरण बन्न सकेको छैन ।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले नेपाली राजनीतिमा महिला उपलब्धि र चुनौती विषयक अध्ययन गरेको हो । अध्ययन प्रतिवेदनमा विगत एक दशकमा राजनीतिमा महिलाका लागि उपलब्य अवसर र उनीहरूले सामना गरिरहेको चुनौतीका विषय समावेश छन् ।

२०७२ सालमा नेपालको संविधान जारी भएयता संवैधानिक तथा कानूनी प्रावधानका व्यावहारिक कार्यान्वयन र दलका विधान तथा घोषणापत्र कार्यान्वयनको समीक्षा पनि प्रतिवेदनमा गरिएको छ ।

महिला सहभागिताबारे स्पष्ट व्यवस्था भएका संवैधानिक तथा कानूनी प्रावधान कार्यान्वयन भएको पाइए पनि महिलालाई दोस्रो वरियता वा दोस्रो प्राथमिकतामा राखेको पाइएको अध्ययनमा छ । उदाहरणका रुपमा प्रतिनिधि सभामा उपसभामुख, राष्ट्रिय सभामा उपाध्यक्ष, प्रदेश सभामा उपसभामुख र स्थानीय तहमा उपप्रमुख उपाध्यक्ष पदमा महिला रहेको देखाइएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले पार्टीको सबै तहका कार्यसमितिमा एक तिहाइ महिला सहभागिता हुनुपर्ने प्रावधान छ । तर, दलहरूले यसलाई पूर्ण रूपमा विधानमा

पृष्ठ २ मा



महिलाको सहभागिता आवश्यक छ भन्ने बोध भयो । यसअनुसार संवैधानिक प्रावधान समेत छन् । तर महिलालाई राजनीतिमा महिला टिकिराख्नु चुनौतीपूर्ण छ ।

■ **पेम्बा लामा**
**महासचिव, अखिल नेपाल महिला संघ**

# सवारी दुर्घटनामा ४ जनाको मृत्यु, ३२ घाइते

नेपाल प्रहरीका अनुसार पछिल्लो २४ घण्टामा देशका विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ भने ३२ जना बढी घाइते भएका छन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक ।

नवलपरासी बर्दघाट सुस्तापूर्व नवलपुरको कावासोतीमा जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । ३१ जना घाइते भएका छन् । कावासोती-१ बालुवाडाँडास्थित भित्री सडकखण्डमा बुलिङटारबाट कावासोतीका लागि हिँडेको जीप दुर्घटनामा परेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी जेसी शाहका अनुसार अनकन्टार पहाडमा दुर्घटना भएको हो । घाइतेको नवलपुर अस्पताल र मध्यविन्दु जिल्ला

पृष्ठ २ मा



*नवलपुरको कावासोती नगरपालिका-१, बालुवाडाँडामा दुर्घटनामा परेको जिप । जिल्लाको बुलिङटारबाट कावासोतीका लागि छुटेको जिप दुर्घटनामा परेको हो । दुर्घटनामा दुई जनाको मृत्यु हुनुका साथै र अन्य यात्रु घाइते भएका छन् । तस्बिर : दयाराम आचार्य/रासस*

**वैदेशिक रोजगार विशेष**

# मलेसियाले बढायो विदेशी कामदारको न्यूनतम तलब
## आगामी फेब्रुअरीदेखि न्यूनतम तलब मासिक १७ सय रिंगेट

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ३ कात्तिक

मलेसिया सरकारले मलेसियामा विदेशी कामदारको हालको न्यूनतम पारिश्रमिकमा दुई सय रिंगेट बढाउने घोषणा गरेको छ । मलेसियामा विभिन्न क्षेत्रमा कार्यरत कामदारहरुले हाल पाउँदै आएको न्यूनतम मासिक पारिश्रमिक १ हजार ५ सय रिंगेटमा २ सय रिंगेट थप गरी १ हजार ७ सय रिंगेट पुऱ्याएको छ ।

तलब वृद्धिपछि मलेसियामा काम गर्ने नेपालीले मासिक न्यूनतम ५३ हजार ४३ रूपैयाँ पाउनेछन् । हाल उनीहरूले ४६ हजार ८ सय पाउँदै आएका छन् । मलेसियामा सेप्टेम्बरको अन्तिमसम्म ३ लाख ९९ हजार ६ सय १४ जना नेपाली कार्यरत रहेका छन् । पारिश्रमिक वृद्धिपछि नेपालमा हाल मलेसियाबाट नेपाल आइरहेको रेमिट्यान्समा प्रतिमहिना २ अर्ब ५० करोड र वार्षिक ३० अर्ब रूपैयाँ वृद्धि हुनेछ ।

मलेसियाका प्रधानमन्त्री तथा अर्थमन्त्री अनवर बिन इब्राहिमले अक्टोबर १८ शुक्रबार मलेसियाको संसदमा पेस गरेको आगामी आर्थिक वर्षको बजेटमा सबै निकायसँगको सहमतिमा तलब वृद्धिको निर्णय भएको बताए ।

वृद्धि भएको नयाँ न्यूनतम पारिश्रमिकको निर्णय आउँदो वर्ष सन् २०२५ फेब्रुअरी १ तारिकदेखि पूर्णरुपमा लागू गर्न-गराउन गृह मन्त्रालय र श्रम मन्त्रालयसँगको सहकार्यमा सबै रोजगारदाता कम्पनीलाई आ-आफ्नो कामदारको पारिश्रमिक बढाउन निर्देशन दिइसकिएको उनले बताए । तर पाँच जनाभन्दा कम कामदार रहेका साना रोजगारदाताले भने आगामी बर्ष अगष्टदेखि मात्रै नयाँ तलब लागू गर्न पाउने छुट पाएका छन् ।

तलब वृद्धिको निर्णयप्रति मलेसियामा काम गर्ने स्थानीयदेखि विदेशी सबै कामदारले सकारात्मक प्रतिक्रिया दिएका छन् । मलेसियाली प्रधानमन्त्री तथा अर्थमन्त्री इब्राहिमले कामदारको आर्थिक स्थिति सुधार्न आफू र आफ्नो सरकार सदैव लागिरहने बताए ।

मलेसियामा न्यूनतम पारिश्रमिक लागू

पृष्ठ २ मा

# सामूहिक बलात्कार श्रीमान नै पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ कात्तिक ।

मकवानपुरमा एक महिलामाथि सामूहिक बलात्कार भएको छ । मकवानपुरको मनहरी गाउँपालिकामा ५० वर्षीया महिलामाथि सामूहिक बलात्कारको घटना भएको हो ।

सामूहिक बलात्कारको आरोपमा श्रीमान नै पक्राउ परेका छन् । आरोप लागेका अन्य दुई जना फरार छन् ।

पीडित महिलाले यही कात्तिक एक गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएकी थिइन् । सोही उजुरीको आधारमा उनका श्रीमान पक्राउ परेका हुन् ।

३० असोजमा मनहरी गाउँपालिका-५, स्थित आफ्नै घरमा महिलामाथि उनका श्रीमान र अन्य दुई जनाले सामूहिक बलात्कार गरेको उजुरीमा उल्लेख छ ।

पीडित महिलाले ३० असोज रातको समयमा ६० वर्षीय श्रीमान र अन्य दुई जनाले आफूमाथि सामूहिक बलात्कार गरेको उजुरीमा बताएकी छन् ।

मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालका अनुसार पीडितकी श्रीमानलाई पक्राउ गरेर मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरेको छ । आरोपित दुई जना भने फरार रहेका छन् । डीएसपी अर्यालका अनुसार पीडित महिलाले दुई किशोरको अन्दाजी उमेर १९ र २० वर्ष हुनसक्ने बताएकी छन् ।

महिलाले श्रीमानसहित दुई जना किशोरले बलात्कार गरेको बताएको प्रहरीले जनाएको छ । किशोरहरुलाई आफू नचिन्ने पीडितले बताएकी छन् । दोषी पत्ता लगाउन प्रहरीले घटनाको सुक्ष्म अनुसन्धान गरिरहेको छ ।

पीडित महिलालाई हेटौंडास्थित महिला सेफ हाउसमा राखिएको छ । उनको स्वास्थ्य अवस्था ठीक रहेको प्रहरीले जनाएको छ ।

# वर्तमान सरकार ढल्ने सम्भावना छैन : डा. कोइराला

**मोरङ/मस–** नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले वर्तमान सरकार ढल्ने कुनै सम्भावना नरहेको बताएका छन्। उनले सरकार ढल्छ कि भनेर सपना नदेख्न विपक्षी दलहरूलाई सुझाव दिए।

मोरङको बेलबारीमा नेपाल भूतपूर्व सैनिक संघ मोरङको प्रथम जिल्ला अधिवेशन समारोहलाई सम्बोधन गर्दै नेता कोइरालाले राजनीतिक स्थिरता, आर्थिक विकास र सुशासन कायम गर्ने लक्ष्यका साथ निर्माण भएको सरकार ढल्ने सम्भावना नरहेको स्पष्ट पारे।



आगामी निर्वाचनसम्म कांग्रेस र एमालेको गठबन्धनकै सरकार रहिरहने बताउँदै नेता कोइरालाले भने,'यो सरकार ढल्दैन, चल्छ, यद्यपी मन्त्रीहरूले इमान्दारीपूर्वक काम गर्नुपर्दछ। जनतालाई सरकार भएको अनुभूति दिनुपर्दछ।'

कोइरालाले राजनैतिक स्थिरता, आर्थिक विकास र सुशासनका लागि देशका सबैभन्दा ठूला दल कांग्रेस र एमालेको सरकार बनेको उल्लेख गरे। उनले भने, 'यो सरकार बनेको धेरै भएको छैन, त्यसैले काम गर्न दिनुपर्छ।'

सुशासन कायम गर्न सरकार निर्मम रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिँदै उनले कांग्रेस र एमालेको बलले मात्रै संविधान संशोधन नहुने भएकाले सबैले मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए। नेता कोइरालाले अन्य दललाई पनि विश्वासमा लिएर संविधान संशोधन गर्नुपर्नेमा जोड दिए।

'संविधान संशोधन छुट्टै आयोग बनाएर हुन्छ कि संसदीय समिति बनाएर हुन्छ, सबै दलको सहमतिमा गर्नुपर्दछ,' उनले भने। नेपाल भूतपूर्व सैनिक संघ मोरङको प्रथम जिल्ला अधिवेशनबाट प्रेम गुरुङको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ।

# रवि लामिछानेले भ्रष्टाचारलाई ढाकछोप गर्न खोजे : खतिवडा

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक

नेपाली कांग्रेसका केन्द्रीय सदस्य रामहरि खतिवडाले रवि लामिछानेले राजनीतिक आडमा बच्न खोज्ने काम गर्नु गलत भएको बताएका छन्।

सञ्चारकर्मीहरुसँगको कुराकानीमा प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति समेत रहेका नेता खतिवडाले नयाँ जोगीले धेरै खरानी धस्छ भनेझैं लामिछानेले राजनीतिक दलको आवरणमा भ्रष्टाचारलाई ढाकछोप गर्न खोजेको आरोप लगाए।



केही समय अघि गृहमन्त्री भएको समयमा लामिछानेले भ्रष्टाचारका फायल खोल्न र जेल हाल्न सहयोग गर्ने प्रतिबद्धता जनाएपनि आफ्नै हस्ताक्षरले आफैंलाई अफठ्यारोमा पारेको खतिवडाको तर्क थियो। उनले नयाँ दलका नाममा गलत गर्ने र राजनीतिक दलको आडमा बच्न खोज्नु झन् ठूलो अपराध भएको भन्दै कानूनलाई सबैले मान्नुपर्ने उनको भनाइ थियो।

प्रतिपक्षी दलहरूले सत्ता पक्षले लामिछानेलाई फसाएको तर्क गरिरहेको सन्दर्भमा खतिवडाले भने,'जबरजस्ती कसैले कसैलाई फसाउँदैन। फसाउने होइन आउँदै गरेकालाई बरु ग्रुम अप गर्ने हो। उनलाई फसाएर कसले के पाउनु छ र ?', उहाँलाई अप्ठ्यारो परे हामीले नै सहयोग गर्ने हो तर सबै विकृति दलका नाममा गरेर छुट हुँदैन।' यसअघि पनि विभिन्न दलका शीर्ष नेताहरु नै कानूनको फन्दामा परेर कानूनी कारबाही व्यहोरेको र भोगिरहेका यस्ता थुप्रै उदाहरण अरु पनि भएको र कानूनको सर्वोच्चतालाई सबैले मान्नुपर्ने खतिवडाले बताए।

# शंकर झरनाको प्रवर्द्धन गर्न ५० लाख विनियोजन

**मध्यान्ह संवाददाता**
जुम्ला, ३ कात्तिक

नेकपा माओवादी केन्द्र जुम्लाबाट प्रतिनिधिसभा सदस्य सांसद छिरिङ ल्यामो लामा तामाङले जुम्ला पातारासीको शंकर झरनाको प्रवर्द्धन गर्न ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताएकी छन्।

उनले पातारासी गाउँपालिका-२ पेरे गाउँमा अवस्थित शंकर झरना पर्यटकीय गन्तव्य बनाउनका लागि संघ सरकारले आफ्नो पहलमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको बताइन्। उनका अनुसार शंकर झरना प्रचार-प्रसार तथा संरक्षणको अभावमा ओझेलमा परेको छ। शंकर झरना पर्यटकीय रूपमा प्रचुर सम्भावना बोकेकाले पर्यटकीय गन्तव्य बनाउनका लागि बजेटको व्यवस्था गरिएको हो। सांसद लामा तामाङले शंकर झरनाको स्थलगत अवलोकन गर्दै त्यहाँसम्म सहज रुपमा पुग्न सडकको लागि पहल गर्नुपर्ने बताइन्। उनले यसको लागि सरकारसँग थप पहल गर्ने बताइन्। उनले शंकर झरनाको लागि यस पटक विनियोजन भएको ५० लाख रुपैयाँ बजेटको सदुयोग गर्न अनुरोध गरिन्। उनले बजेटले के बनाउन सकिन्छ ?, कामको सुरुवात गरी कार्यान्वयनतर्फ लैजान अनुरोध गरिन्।



उनले भनिन्,'झरना आफैंमा सौन्दर्यताले भरिपूर्ण छ। झरनालाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सबै लाग्नुपर्ने बेला आएको छ।' यो पातारासीको मात्रै नभइन ग्रामीणस्तरमा लुकेर रहेको झरना जुम्लाकै ऐतिहासिक तथा पर्यटकीय गन्तव्य हुने उनले बताइन्। त्यस्तै पेरेका स्थानीय गौरी शंकर बुढाका अनुसार धेरै जसो झरनाहरु हिउँद लागेपछि सुक्छन्। तर यो झरनामा १२ महिना नै पानी झर्ने हुँदा एकै नाशको देखिने गर्दछ।

उनका अनुसार अहिले त्यस क्षेत्रमा आन्तरिक पर्यटक पुग्ने क्रम बढेको रहेको छ। उनले यसलाई संरक्षण गर्दै प्रचार-प्रसार गर्नका लागि सांसद लामा तामाङले ५० लाख रुपैयाँ बजेट विनियोजना गरेकोमा खुसी व्यक्त गरे। यसको विकासमा राज्यले ध्यान दिन आवश्यक रहेको उनको भनाइ छ। त्यस्तै पातारासी-२ का वडाध्यक्ष बलबहादुर बोहोराले यो झरनालाई पर्यटकीय गन्तव्य बनाउन लागि परेको बताए। उनले शंकर झरनाको विकासको लागि सहयोग गर्ने सांसद लामा तामाङप्रति आभार व्यक्त गरे। उनले पातारासीको उत्तरी भेगमा रहेको यो झरना पातारासीगाउँपालिकाको लासि बजार,लाम्री,लुम,तल्फि पेरे,धोपाघाट हुँदै जान सकिने बताए। उनका अनुसार झरनालाई प्रचार-प्रसार गरी पर्यटकहरू भित्र्याउने हो भने यहाँको स्थानीय उत्पादनमा समेत प्रवर्द्धन गर्न टेवा पुग्नेछ।

त्यस्तै स्थानीय जनक महताराले घना जंगलको बीचमा रहेको यो झरनालाई पर्याटकसँग जोड्नका लागि सडक, होमस्टे लगायतका आवश्यक आधार भूत कुराहरुमा ध्यान दिनुपर्ने बताए। उनले जुम्लाको सबैभन्दा अग्लो मनमोहक शंकर झरना अहिलेसम्म पनि ओझेलमा परेको छ। उनका अनुसार प्रशस्त पर्यटकीय सम्भावना बोकेको यो झरना प्रचार-प्रसारको अभावले ओझेलमा परेको हो।

# 'दीर्घकालीन स्थायित्वका लागि कांग्रेस–एमालेको सरकार बनेको हो'

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ कात्तिक

लुम्बिनी प्रदेशका शहरी विकास तथा खानेपानीमन्त्री रोज राणाले दीर्घकालिन राजनीतिक स्थायित्वका लागि नेपाली कांग्रेस र नेकपा एमालेबीच गठबन्धन सरकार बनेकाले यो सरकारले जनताको चाहाना पूरा गर्नुपर्ने बताएका छन्।

गृह जिल्ला प्यूठान पुगेका मन्त्री राणाले विभिन्न कार्यक्रम हरुलाई सम्बोधन गर्दै कांग्रेस र एमालेबीच गठबन्धन बनेर लुम्बिनी प्रदेशमा पनि सरकार बनेकोले आफुहरुले जनताको चाहाना अपेक्षा अनुसार काम गर्ने बताउँदै केही मन्त्रालयहरु मन्त्री विहीन बन्दा कामले स्पिड लिन नसकेको बताए। उनले अब सरकारले छिट्टै पूर्णता पाउने पनि बताए।

वर्तमान सरकारलाई सफल बनाउनु नेपाली कांग्रेसको मुख्य



जिम्मेवारी भएकोले पनि आफुहरुले सोही अनुसार काम गरिरहेको उनले दाबी गरे।

मन्त्री राणाले विगतमा धेरै प्रणाली र विकल्पहरूमा कांग्रेस-एमाले गएपनि राजनीतिक स्थायित्वका लागि अन्ततः दुई ठूला दल मिलेर सरकार गठन गरेकाले जनताले यो सरकारबाट धेरै कुरा अपेक्षा गरेको बताए। उनले कांग्रेस र एमालेको गठबन्धन दिर्घकालिन भएकोले यो सरकार सफल बनाउन जरुरी रहेको बताए।

मन्त्री राणाले भने, 'हामीले धेरै प्रणालीहरू अपनायौं। धेरै गठबन्धनहरू गरियो। अन्तिम विकल्पको रुपमा नेकपा (एमाले) र नेपाली कांग्रेस एकै ठाउँमा आएर सरकार बनेको छ। यो विकल्पलाई जसरी पनि सफल बनाउनुछ।'

राणाले आफ्नो मन्त्रालय मातहतका विभिन्न भवन लगायतका आयोजनाहरूको काम भइरहेका ठाउँहरु विकास योजनाहरुको अब सबै ठाउँमा अनुगमन गर्ने बताए।

मन्त्री राणाले प्रदेश सरकारसँग बजेट न्यून रहेको जनताका चाहना असिमित रहेकोले जनचाहना अनुसार काम गर्न नसकिएको बताउँदै प्यूठान जिल्लाको विकासमा कुनै कमि हुन नदिने जिकिर गरे।

# अस्पतालमाथि लगाइएका आरोप झुटा र भ्रामकः डा. सिंह

**प्रदिप सिंह/मध्यान्ह**
लहान, ३ कात्तिक

सिरहाको गोलबजारस्थित उत्तिमलाल मेमोरियल हस्पिटलका सञ्चालक डा. सुशीला सिंहले अस्पतालमाथि हालै लगाइएका आरोपहरूको खण्डन गरेकी छन्।

उनले अस्पतालले मोटो रकम असुल गरेको आरोपलाई गलत, अतिरञ्जित, र भ्रामक सूचनामा आधारित भएको बताइन्। अस्पतालको छवि धमिल्याउने उद्देश्यले यस्ता आरोप लगाइएको उनको भनाइ छ।

डा.सिंहका अनुसार, सुत्केरी महिला सीता कुमारी महतो लहान प्रादेशिक अस्पतालबाट रेफर गरेर अत्यन्तै गम्भीर अवस्थामा अस्पताल ल्याइएकी थिइन्। उनलाई लामो समयदेखि प्रसव पीडा भएको र बच्चा जन्माउन निकै कठिन भएको थियो। चिकित्सकहरूले शल्यक्रियाको तयारी गरिरहेका बेला, डाक्टरहरूको टोलीले अन्ततः सफलतापूर्वक सामान्य प्रसव गराउन सकेको थियो। जन्मिएपछि शिशुलाई श्वासप्रश्वासमा समस्या देखिएपछि आइसीयूमा राखेर उपचार गरिएको थियो।




डा. सिंहले बच्चा 'बर्थ एस्फिक्सिया'का कारण निस्सासिएको र बालरोग विशेषज्ञहरूको टोलीले तुरुन्तै भेन्टिलेसनको सहायतामा श्वासप्रश्वास सञ्चालनमा ल्याउन सफल भएको बताइन्। नवजात शिशुको स्वास्थ्यमा सुधार आएपछि, पाँच दिनसम्म एनआइसीयूमा राखी थप उपचार गरिएको थियो। चौथो दिनमा शिशुलाई नियोनेटल जण्डिस देखिएको र त्यसको उपचार फोटोथेरापीबाट गरिएको थियो।

अस्पतालले सुत्केरी र नवजात शिशुको उपचारको लागि ७४ हजार रुपैयाँको बिल पेश गरेकोमा, बिरामीको आर्थिक अवस्थालाई ध्यानमा राखेर १० हजार रुपैयाँ छुट दिँदै ६० हजार रुपैयाँमा सहमति गरिएको थियो। बिरामी परिवारले ५० हजार रुपैयाँ तिरेर बाँकी १० हजार रुपैयाँ तिर्न बाँकी रहेको अस्पतालले जनाएको छ।

डा. सिंहले बिरामीका परिवारले बाँकी रकम तिर्न आलटाल गरिरहेको आरोप लगाउँदै चाँडो बुझाउन अनुरोध गरेकी थिइन्। उनले अस्पतालविरुद्ध फैलाइएको गलत सूचना र आरोपले अस्पतालको प्रतिष्ठा बिगार्ने षड्यन्त्र भएको दाबी गर्दै, यस्ता भ्रमहरूमा नपरी सत्य तथ्य बुझेर मात्र धारणा बनाउन आग्रह गरिन्।

अस्पतालले राज्यद्वारा निर्देशित सेवा-सुविधाहरूको पालना गर्दै आएको र जनताको स्वास्थ्य सेवामा निरन्तर काम गरिरहेको जानकारी दिएको छ।

## पार्टी...

थ्रेस होल्ड कटाउन नसकेर एकीकृत समाजवादी राष्ट्रिय पार्टी बन्न नसकेको हो।

प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा एकीकृत समाजवादीमा लागेका सांसदहरूको विषयमा सर्वोच्च अदालतमा मुद्दा परेको थियो। त्यसकारण त्यसबेला भएका सांसदहरूको सम्बन्धमा भय थियो।

२०७९ मंसिरमा सम्पन्न चुनावमा राष्ट्रिय पार्टी बन्न सकेन। तर चुनावी तालमेलका आधारमा एकीकृत समाजवादीका १० सांसद प्रत्यक्ष तर्फ निर्वाचित भए।

अहिले दश जना सांसद पनि एकीकृत समाजवादीमा सन्तुष्ट नरहेको र पार्टी नै फुटको अवस्थामा पुगेको नेताहरू बताउँछन्। नेता वंशीधर मिश्र पार्टीबाट एउटा समूह एमालेमा जाने तयारीमा रहेको बताउँछन्। पार्टीको दशौं महाधिवेशनको म्यान्डेट बिपरीत मनोनीत केन्द्रीय सदस्यहरूले पदाधिकारी र पोलिटब्युरो सदस्य चयन भएकाले असन्तुष्टि रहेको उनले बताए। पार्टी फुटको कारणलाई हल गर्दै एकीकरण गर्नुपर्ने उनको राय छ।

पार्टीभित्र दुई पक्ष हाबी भएको भन्दै उनले पार्टी संकटमा रहेको स्वीकार गर्नुपर्ने बताए।

उनी भन्छन्, 'एउटा समुह यसैलाई करेक्सन गर्नुपर्छ, फेरि महाधिवेशन बोलाउने हो कि, यसलाई विघटन नै गर्ने हो कि ? नयाँ ढंगले जानुपर्छ कि भन्नेमा छ। अर्को तेस्रो पक्ष जो संस्थापन धार छ, उसले भन्दै छ- जे भयो भयो यसलाई सकेसम्म सहिष्णुता, सुधार गर्दै नयाँ जिम्मेवारी बाँड्दै जानुपर्छ।'

उनका अनुसार छिट्टै केन्द्रीय कमिटीको बैठक बोलाउने कुरा भइराखेको छ। जे जस्तो भएता पनि पार्टी संकटमा रहेको सबैको स्वीकार गरेर अगाडि बढ्नुपर्नेमा उनको जोड रहेको छ।

## राजनीतिमा...

समेटेका छैनन्। अध्ययन अनुसार कतिपय राजनीतिक दलको केन्द्रीय कार्यसमितिमा समेत एक तिहाइ महिला सहभागिता छैन।

अध्ययनकर्ता आन्विका गिरी भन्छिन्, 'बाध्यकारी कानुन कार्यान्वयन भएको छ। स्वतस्फूर्त महिलालाई जिम्मेवारीमा ल्याउने प्रयास भइराखेको छैन। कानुनमा हुदैनथ्यो भने अहिले भएको संख्यात्मक सहभागिता देखिँदैनथ्यो।'

महिलालाई नेतृत्व तहमा पुर्‍याउने वातावरण राजनीतिक दलले नै बनाउनुपर्नेमा उनको जोड छ। भन्छिन्, 'महिलाले म राजनीतिमा लाग्छु र नेतृत्व तहमा पुग्छु भनेर लाग्ने वातावरण बनाउन आवश्यक छ। यसका लागि राजनीतिक दलकै टेको आवश्यक छ।'

सरोकारवालाहरू पनि राजनीतिमा महिलालाई टिकाउन मुस्किल रहेको बताउँछन्।

संवैधानिक र कानूनी वाध्यताका कारण राज्यका बिभिन्न तहमा महिलाको प्रतिनिधित्व बढेको तर, राजनीतिमा संलग्न भएका महिलाहरू राजनीतिमै टिकिरहने वातावरण बनाउन आवश्यक रहेको बताउँछन्।

अखिल नेपाल महिला संघकी महासचिव पेम्बा लामा महिलाको सहभागिता हुनुपर्छ भन्ने बोध समाजलाई भएको बताउँछिन्।

'महिलाको सहभागीता आवश्यक छ भन्ने बोध भयो। यसअनुसार संबैधानिक प्राबधान समेत छन्। तर महिलालाई राजनीतिमा महिला टिकिराख्नु चुनौतीपूर्ण छ' उनी भन्छिन्, 'तर फेरि पनि महिलाले राजनीतिमा आउन प्रयास गरेका थिए वा गरिरहेका छन। तर टिकिराख्ने वातावरण बनाउन आवश्यक छ।'

राजनीतिक दलहरूको घोषणापत्रमा महिला सहभागिताको विषयमा गरिएका प्रतिवद्धताहरु कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उनले यसमा खबरदारी आवश्यक रहेको बताइन्। भन्छिन्, 'राजनीतिक दलका प्रतिवद्धता छन्। तर, विधानमा बाध्यकारी व्यवस्था छैन। समस्या यहाँनेर पनि छ।'

महिला राजनीतिमा नटिक्नुको कारण आर्थिक, सामाजिक, सास्कृतिक बाधाका साथसाथै हिंसा समेत एक रहेको उनको भनाइ छ। भन्छिन्, 'हिंसा पनि हुन्छ। राजनीतिमा लाग्नेले फिजिकल वा मेन्टल हिंसा नखेपेको महिला नेता सायद छैन।'

चुनावमा टिकट जित्नेलाई दिने भन्ने रहेको उल्लेख गर्दै उनी थप्छिन्, 'चुनाव जित्छ कसले मनि (पैसा) पावर र मसल पावरले भन्ने भास्य बनाउन खोजिएको छ। तर चुनाव जित्ने पार्टीको प्रभावले हो। यो अवधारणामा अगाडि लैजान जरुरी छ।'

## सवारी...

अस्पतालमा उपचार भइरहेको छ। क्षमताभन्दा बढी यात्री बोकेकाले दुर्घटना भएको प्रहरीको अनुमान छ।

यस्तै, कर्णाली राजमार्गको सुर्खेत-जुम्ला सडक खण्डमा शनिबार एक मालवाहक ट्रक दुर्घटनामा परेको छ। जुम्लाबाट सुर्खेतका लागि हिँडेको लु १ क ३९३० नम्बरको ट्रक कालिकोटको तिलागुफा नगरपालिका-५ खल्लागाड स्थित पुल नजिकैको मोडमा अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ। दुर्घटनामा ट्रक चालकको मृत्यु भएको छ। कालीकोटका प्रहरी प्रमुख टेकबहादुर रावतका अनुसार ट्रक सडकबाट अन्दाजी करिब ५० मिटर तल खोलामा खसेको थियो। भीरबाट ट्रक खोलामा खसेकाले चालकको घटनास्थलमै मृत्यु भएको हो।

प्रहरीका अनुसार घटनबारे थप अनुसन्धान जारी रहेको छ। झापामा पनि दुर्घटना भएको छ। पूर्व-पश्चिम राजमार्गस्थित कमल गाउँपालिका-५ रवि पेट्रोल पम्पनजिकै शनिबार दिउँसो बसको ठक्करबाट मोटरसाइकल यात्रीको घटनास्थलमै मृत्यु भएको छ।

दमकबाट बिर्तामोडका लागि छुटेको प्रदेश न. १-०१-००१ ख ३४३५ नम्बरको कनकाई माई पाथीभरा यात्रुवाहक बसले सोही दिशातर्फ जाँदै गरेको को १६ प ५३२२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको हो। दुर्घटनामा परेर मोटरसाइकल चालक मोरङको केराबारी गाउँपालिका-७ बस्ने ५५ वर्षीय पदम मुकारुङ राईको मृत्यु भएको छ। ठक्करबाट घाइते मुकारुङलाई बसले पुनः किचेर मारेको बताइन्छ। यो दृश्य प्रत्यक्ष देखेको बताउने स्थानीयबासीले आक्रोशित हुँदै बसलाई ढुंगामुढासँगै आगजनीसमेत गरेका थिए। प्रहरीले बस चालक गौरादह नगरपालिका-१ बस्ने ३५ वर्षीय संजय नेपालीलाई नियन्त्रणमा लिई अनुसन्धान सुरु गरिएको जनाएको छ। शनिवार नै दोलखामा यात्रुबाहक बस र जिप ठोक्किएर दुर्घटनामा परेको छ।

शनिबार बिहान पौने ११ बजे दोलखा-सिंगटी सडक खण्डको भदौरेमा रोल्वालिङ यातायात प्रालिको बा२ ख ६४२५ र बा १९ च ३९३८ बोलेरो जिप एक आपसमा ठोक्किएर दुर्घटना भएको हो।

# सातदोबाटोमा रोकेर राखेको बसमा आगलागी




**ललितपुर/मस–** ललितपुरको सातदोबाटोमा रोकेर राखिएको सार्वजनिक बसमा आगलागी भएको छ। ललितपुर महानगरपालिका-१५ सातदोबाटो चोक नजिक रोकेर राखेको अवस्थामा शनिबार अपराह्न चक्रपथमा चल्ने महानगर यातायातको बा४ख १०६ नंको बसमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय ललितपुरका सूचना अधिकारी तथा प्रहरी उपरीक्षक रवरत्न पौडेलले दिए।

सातदोबाटोबाट ग्वार्कोतर्फ जाँदै गरेको बस 'बस पाकेट'मा रोकेर राखिएको अवस्थामा अचानक तार 'सट' भई आगलागी भएको उनले जानकारी दिए। बसमा आगलागी भएको खबर प्राप्त हुनासाथ प्रहरी टोली र ललितपुर महानगरपालिकाका दुई वटा दमकल प्रयोग गरेर आगो निभाइएको थियो। आगलागीबाट बस पूर्ण रूपमा क्षति भएको छ।

## मलेसियाले...

नगर्ने रोजगारदाताहरूले १० देखि २० हजार रिंगेटसम्मको जरिवाना वा पाँच वर्षसम्मको जेल सजाय भोग्नुपर्ने व्यवस्था छ। प्रधानमन्त्री इब्राहिमले उक्त व्यवस्थाप्रति रोजगारदाताहरूको ध्यानाकर्षण गराएका छन्।

मलेसियामा नेपालीको संख्या तेस्रो स्थानमा छ। यहाँ पहिलोमा बंगलादेशी र दोस्रोमा इण्डोनेसियाली रहेका छन्। सेप्टेम्बरसम्म बंगलादेशदेशी ९ लाख ३४ हजार ५ सय ४२ र इण्डोनेसियाली ५ लाख ९५ हजार ८ सय ११ रहेको मलेसिया सरकारले बताएको छ। कूल श्रम जनशक्तिको १५ प्रतिशतभन्दा बढी विदेशी कामदार नबढाउने नीति लिएको मलेसियामा गत मे ३१ तारिकदेखि रोकिएको नयाँ विदेशी कामदारको एप्रुभल भने खुलाएको छैन ।जव कि नयाँ कामदारको एप्रुभल खुलाउन निजी क्षेत्रको चर्को दबाब रहेको छ।

# टोखामा २३औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न

काठमाडौं/मस-टोखामा २३ औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न भएको छ। टोखा वडा नं. ३ को साङ्ले खोला क्षेत्रको करिडोर सडक र खोलाको सफाइ कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा नगर प्रमुख प्रकाश अधिकारी, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, वडा नं. ३, ७, ८ र ११ का जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा नगर प्रहरी, सशस्त्र प्रहरी, सामाजिक



अभियन्ता, लायन्स क्लव अफ काठमाडौं शुभआरम्भ, कर्मचारी, स्वास्थ्यकर्मी, सरसफाइकर्मी र स्थानीयबासीको सक्रिय सहभागिता रहेको थियो।

सरसफाइ कार्यक्रमपछि सबैलाई धन्यवाद दिँदै नगर प्रमुख प्रकाश अधिकारीले २५ औं हप्ताको सफाइ अभियान भव्यतापूर्वक सम्पन्न गर्ने बताए। २५ औं हप्ताको कार्यक्रममा निरन्तर सक्रियतापूर्वक सफाइ गर्ने अभियानकर्मीहरुलाई नगरपालिकाले सम्मान गर्ने पनि उनले बताए। त्यसपछिका कार्यक्रमहरु अझै बृहत् बनाएर लैजान वडा-वडामा सरसफाइ अभियान कमिटी गठन गरी अघि बढ्ने उनले बताए। अबको सफाइ कार्यक्रममा विद्यालय र संघ/संस्था सबैलाई सहभागिता गराउने पनि उनको भनाइ छ।

# मोटरसाइकलसहित सामान नियन्त्रण

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, ३ कात्तिक

प्रहरीले ८४ हजार १ सय रुपैयाँ बराबरको अवैध सामान र मोटरसाइकल नियन्त्रणमा लिएको छ। विशेष सूचनाको आधारमा सप्तरीको बोदेबसाइन नगरपालिका वडा नं.९ सिम्राहास्थित प्रहरी चौकी देउरीबाट खटिएको प्रहरी टोलीले मोटरसाइकल र बोरामा राखिएको सामान बरामद गरेको हो। गाडी चेकजाँचका क्रममा उक्त सामान र मोटरसाइकल छोडेर उनीहरु भागेका थिए।

बीआर ३२ एस ०५२१ महेन्द्रा कम्पनीको सेन्ट्रोरो मोटरसाइल र ८४ हजार १ सय बराबरको सामानहरु प्रहरीले नियन्त्रणमा लिइ आवश्यक कारबाहीको लागि भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# ट्राफिक प्रहरीले कागजी चिट नकाट्ने, नागरिक एपबाटै जरिवाना

**काठमाडौं/मस-** ट्राफिक नियम उल्लंघन गरेबापत सवारी चालकले ठाउँकाठाउँ नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने व्यवस्था गरिएको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबारदेखि सवारी नियम उल्लंघन गर्ने चालकलाई 'ई-चलान' (डिजिटल चिट) दिने र तत्कालै नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने प्रणाली कार्यान्वयनमा ल्याउन लागेको प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले जानकारी दिए।



सवारी नियम उल्लंघनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै 'डिजिटल पेमेन्ट' गर्ने व्यवस्था गरिएसँगै सवारी नियम उल्लंघनमा जरिवाना तिर्दा हुँदै आएको झन्झट अब अन्त्य हुने विश्वास गरिएको छ। सवारी चालक अनुमतिका लागि 'ट्रायल' पास गरेपछि लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको छ। यसबाट सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ।

प्रहरी नायब महानिरीक्षक बोहराका अनुसार पहिलो चरणमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा डिजिटल चिट व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। डिजिटल चिट काट्नका लागि ट्राफिक प्रहरीलाई छुट्टै डिभाइस उपलब्ध गराइएको छ।

यो व्यवस्था कार्यान्वयनमा आएसँगै अब सवारी चालकले चालक अनुमतिपत्र बोक्नु नपर्ने र ट्राफिक प्रहरीलाई नागरिक एपमार्फत चालक अनुमतिपत्र देखाउन सक्नेछन्। नागरिक एपमा चालक अनुमतिपत्र रहेको क्युआर कोड देखाउने व्यवस्था गरिएको छ।

ट्राफिक प्रहरीले 'इचलान डिजिटल' एपमार्फत सडक नियम उल्लंघन गर्ने चालकको मोबाइलमा देखिने उक्त क्युआर कोड स्क्यान गरेर कारबाहीको विवरण प्रविष्ट गर्नेछन्। लगत्तै नागरिक एपमा ट्राफिक नियम उल्लंघन कोलममा कसुर र जरिवाना रकमसहितको 'डिजिटल चिट'को विवरण र जरिवाना भुक्तानी गर्ने माध्यम देखाउने व्यवस्था गरिएको छ। यसबाट सवारी चालकले तत्कालै 'डिजिटल वालेट'मार्फत जरिवाना रकम भुक्तानी गर्न सक्नेछन्।

# 'पश्चिम सुर्खेतको विकास र समृद्धिका लागि निरन्तर क्रियाशील छु'

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३ कात्तिक

नेपाली कांग्रेसका उपसभापति एवम् पूर्वउपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सुर्खेतको पश्चिम क्षेत्रको विकास र समृद्धिका लागि आफू निरन्तर क्रियाशील रहेको बताएका छन्। उनले पश्चिम क्षेत्रको विकास र समृद्धिको मार्गको रुपमा रहेको मदन भण्डारी राजमार्गलाई पूर्णता दिन आफू निरन्तर लागि परेको बताए।



'यहाँको विकास र समृद्धिका लागि बड्डीचौरदेखि सुदूरपश्चिम प्रदेशको डोटी जिल्ला जोड्ने मदन भण्डारी राजमार्ग समयमै पूरा हुन आवश्यक छ,' पञ्चपुरीमा बाबियाचौर स्पोर्ट्स क्लबले आयोजना गरेको पाँचौं बाबियाचौर च्यालेन्ज कपको उद्घाटन गर्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहेका खड्काले भने, 'मदन भण्डारी राजमार्गलाई समयमै सम्पन्न गर्नका लागि म निरन्तर लागिरहेको छु।'

मदन भण्डारी राजमार्गअन्तर्गत बड्डीचौर-खम्बागाडे सडकको १३.१ किलोमिटर सडक कर्णाली प्रदेश सरकारले निर्माण गरिरहेको छ। यस्तै खम्बागाडे-विद्यापुर १०.३ किलोमिटर र विद्यापुर-गुटु-विजौरा-बल्दे २२ किलोमिटर मदन भण्डारी राजमार्ग आयोजनाले निर्माण गरिरहेको छ। यस्तै बल्देदेखि लगामसम्म १५ किलोमिटर ठेक्का भइसकेको छ छ भने लगाम-धनरास-धामीसैन-पाल्पाघाटसम्मको करिव २५ किलोमिटर मध्ये १८ किलोमिटर सडक खण्डको डीपीआर सम्पन्न भएर स्रोत सुनिश्चितताको क्रममा छ।

पश्चिम खण्डमा निर्माण भइरहेका सडक खण्डको अनुगमनपछि उपसभापति खड्काले सडक निर्माणका क्रममा देखिएका समस्या समाधान गर्दै तोकिएकै समयमा सम्पन्न गर्नेतर्फ आफ्नो ध्यान केन्द्रीत रहेको बताए। 'सडक निर्माण सम्पन्न नहुँदासम्म पटक-पटक यो क्षेत्रमा आएर निरन्तर अनुगमन गर्नेछु, देखिएका नीतिगत र प्राविधिक समस्या समाधानमा लाग्नेछु,' उनले भने, 'मदन भण्डारी राजमार्ग पश्चिम सुर्खेतको विकासको मेरुदण्ड हो, समयमै सम्पन्न गर्न सम्पूर्ण रुपमा लाग्नेछु।'

उनले बड्डीचौर-खम्बागाडे सडक खण्डमा पर्ने रुखहरु कटानको प्रक्रिया अन्तिम चरणमा पुगेको बताए। 'रुख कटानी र सडक कसले बनाउने विषयमा केही समस्या देखियो, अहिले त्यसको पनि समाधान भइसकेको छ,' उनले भने, 'चाँडै यो सडक निर्माणले पनि गति लिन्छ।'

उपसभापति खड्काले पश्चिम सुर्खेतमा प्रदेशको प्रहरी तालिम केन्द्र स्थापनाको प्रक्रियामा रहेको बताउँदै मन्त्रिपरिषद्बाट निर्णय नहुँदासम्म यसमा आफूले ठोस प्रतिक्रिया नदिने बताए। उनले आफू सधैं जनताको काम र विकासप्रति उत्तरदायी रहेको बताउँदै आफ्नो नाम जोडेर कसैलाई राजनीति नगर्नसमेत आग्रह गरे। उनले केही समयमै पश्चिम सुर्खेतको केन्द्र बाबियाचौरबाट मालपोत तथा नापी कार्यालय स्थापना गरेर सेवा प्रवाह हुने पनि बताए।

# जनताको गुनासो सुन्न घरदैलोमा सांसद तामाङ

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३ कात्तिक

प्रतिनिधि सभा सदस्य छिरिङ ल्यामो लामा तामाङ जुम्लाका जनताको गुनासो सुन्न गाउँगाउँ पुगेकी छन्। शुक्रबार पातारासी गाउँपालिका-२ पेरे र तल्फिका स्थानीयहरुसँग गाउँको समस्याबारे बृहत् छलफल आयोजना गरिएको थियो।



गाउँमा पुगेर स्थानीयहरुको गुनासो सुन्न र उनीहरुको मागलाई सम्बोधन गर्न गाउँ आएको सांसद तामाङले बताइन्। उनले आफूहरुले गरेका कामहरु गाउँका जनताले थाहा पाउनुपर्छ भनेर गाउँमा पुगेको बताइन्। उनले आफूले आफ्नो क्षामताले सकेजति जनताको समस्यालाई समाधान गर्ने बताइन्। उनले भनिन्,'मेरो कार्यकालमै जनताको मागलाई प्रथामिकतामा राखेर सम्बोधन गर्ने छु।' जनताको प्रश्न सुन्न गाउँगाउँमा पुग्नुपर्ने जनप्रतिनिधिको दायित्व रहेको उनले बताइन्। उनले स्थानीय जनताको समस्या बुझ्दै सडक, विद्युत, खानेपानीलगायतका समस्या समाधानमा भूमिका खेल्ने प्रतिबद्धता जनाइन्।

सांसद तामाङलाई फूलमालाले स्वागत गर्दै स्थानीयहरुले गाउँका विभिन्न समस्याहरु राखेका थिए। पातारासी गाउँपालिका २ की स्थानीय जौउकला ऐडीले गाउँमा आएर गुनासो सुनेकोमा खुसी व्यक्त गरिन्। उनले समस्यालाई समाधान गर्न र गाउँको विकासका लागि राखिएको मागलाई छिटो भन्दा छिटो सम्बोधन गर्न आग्रह गरिन्।

त्यस्तै स्थानीय जनक महताराले नागरिकसँग बसेर गाउँको समस्याबारे बृहत् छलफल गर्नु राम्रो कुरा रहेको बताए। उनले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गतका गाउँमा पुगेर स्थानीयहरुको गुनासो र उनीहरुको मागलाई सम्बोधन गर्न गाउँ प्रवेश गरेकोमा आभार व्यक्त गरे। उनले पातारासीको सडक र पर्यटकका लागि होमस्टेको विकास गर्न अनुरोध गरे।

# जनताका गुनासा सुन्दै रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
गुल्मी, ३ कात्तिक

गुल्मीको रुरुक्षेत्र गाउँपालिकाले जिल्लामा कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट नतिजा प्राप्त गरेरे सिंहदरवारको अधिकार गाउँगाउँमा पुऱ्याउन सफल भएको छ।



गाउँपालिकाले नागरिकको स्वास्थ्य शिक्षा रोजगारप्रति संवेदनशील बन्दै गएको छ। गाउँपालिकाभित्र सेवा प्रवाह, विकास निर्माणको काम द्रुत गतिमा अगाडि बढाउँदै नागरिकहरुको स्वास्थ्य शिक्षा रोजगारमा समेत संवेदनशील हुँदै विभिन्न खालका रचनात्मक कामहरु सञ्चालन गर्दै आएको रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले बताए।

नागरिकहरुको स्वास्थ्यलाई विशेष केन्द्रमा राखेर सबै वडाहरुमा प्रत्येक दुई/दुई महिनाको अन्तरालमा विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य शिविर सञ्चालन गरिएको रुरुक्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए। यहाँका वडामा सञ्चालन गरिएको स्वास्थ शिविरबाट हजारौं नागरिकले सेवा लिएको प्रमुख प्रशासकीय अधिकृत पाण्डेको भनाइ छ।

गाउँपालिकाले यहाँका ज्येष्ठ नागरिकहरुलाई घर-घरमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ भने उनीहरुको सुरक्षा भत्ता कार्ड रिन्यु समेत गरी घरमा पुऱ्याइदिने गरेको छ। विगतमा बिरामीहरुले पाल्पा बुटवल काठमाडौंमा उपचार गराउँदा आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले मध्यान्हलाई जानकारी दिए।


नेपाल नेत्र ज्योति संघ जिल्ला आँखा उपचार तथा सर्जिकल सेन्टरसँग सम्झौता गरी यहाँका नागरिकहरुले निःशुल्क मोतियाविन्दु शल्यक्रियाको सेवा लिइरहेका छन्। हालसम्म यहाँका सयौं नागरिकहरुले मोतियाविन्दुको निःशुल्क शल्यक्रिया गरेका छन्। नागरिकहरुको सहज र सुलभ रुपमा आँखा उपचारका लागि गाउँपालिकाले प्राथमिक उपचार केन्द्रको स्थापना गरेको अध्यक्ष ज्ञवालीले दाबी गरे। नागरिकहरुलाई राज्यबाट प्राप्त हुने औषधिको नियमित व्यवस्थापनका लागि पर्याप्त औषधिको आपूर्तिको व्यवस्था मिलाएको अध्यक्ष ज्ञवालीको भनाइ छ। गाउँपालिकाले उद्देश्य विपरित सञ्चालित र लामो समयदेखि निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई नियमन गर्न शुरु गरेपछि सहकारीहरु पनि सचेत भएको र अहिले राम्रो काम गरेको प्रमुख प्रशासकीय अधिकृत पाण्डेले बताए।

स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाको प्रशासकीय अधिकृत सहकारी रजिस्ट्रार हुने व्यवस्था अनुसार सहकारीले लगातार दुई आर्थिक वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको र विनियममा उल्लेखित उद्देश्यविपरित कार्य गरेका सहकारी संस्थाहरुलाई नियमन गरिएको प्रशासकीय अधिकृत पाण्डेको भनाइ छ। गाउँपालिकामा पाण्डे प्रशासकीय अधिकृत बनेर आएपछि मुस्कानसहितको सेवा, कुनै पनि सेवाग्राही कामका लागि कार्यालयमा पुगेको ५ मिनेट भन्दा बढी बस्न नपर्ने गरी अहिले कामहरु अगाडि बढाएको पाइएको सेवा लिन कार्यालयमा आएका रुरुका स्थानीय प्रदिप अधिकारीले बताए।

रूरूक्षेत्र गाउँपालिकाकाले अपाङ्गता भएका नागरिकहरुलाई घरमै गइ उनीहरूको माग बमोजिमका सामग्रीहरू वितरण गर्ने, नागरिकहरुको गुनासो तथा सुझावहरू संकलन गर्ने, कृषकहरूसँग छलफल गर्ने, जेष्ठ नागरिकसँग छलफल गर्ने, ८० वर्ष माथिका जेष्ठ नागरिकलाई सम्मान, विभिन्न योजनाहरूको अनुगमन निरीक्षण गर्दै गाउँपालिका अध्यक्ष ज्ञवाली, प्रमुख प्रशासकीय अधिकृत पाण्डे, वडाध्यक्ष लगायतका जनप्रतिनिधिहरु, स्वास्थ्य शाखा प्रमुख लगायत कर्मचारीहरू अहिले गाउँ-गाउँमा पुग्ने गरेको स्थानीय गाउँलेहरु बताउँछन्।

# रेडपाण्डा संरक्षण गर्न कुकुर र बिरालोलाई बन्ध्याकरण

**ताप्लेजुङ/मस-** ताप्लेजुङको ग्राम्रीण क्षेत्रमा रेड पाण्डा संरक्षण गर्न कुकुर र बिरालोलाई बन्ध्याकरण अभियान थाएिको छ। रेडपाण्डा नेटवकको सहयोगमा हिमाली संरक्षण मञ्चले विगत ७ वर्षदेखि अभियानलाई निरन्तरता दिँदै आएको हो।



रेडपाण्डा पाइने विभिन्न बस्तीमा रहेका कुकुर र बिरालोलाई बन्ध्याकरण गर्नुका साथै रेविजविरुद्ध खोप दिएर रेडपाण्डा संरक्षणको अभियान सुरु गरेको हिमाली संरक्षण मञ्चका सचिव विविश केदमले जानकारी दिए।

उनका अनुसार अभियानले रेडपाण्डाका लागि सुरक्षित वातावरण सिर्जना गर्न, सङ्क्रमण र हिंस्रक आक्रमणबाट रेडपाण्डालाई जोगाउन विशेष प्रयास गरिरहेको छ।

रेडपाण्डा पाइने क्षेत्रका ग्रामीण समुदायमा पशु स्वास्थ्य र जनावर व्यवस्थापनका गतिविधिलाई प्राथमिकता दिइँदै आएको छ। फुङलिङ नगरपालिकाको फावाखोला, फुरुम्बू, काफ्लेपाटी, माथिल्लो फेदी, हाङदेवा र पाथीभरा याङवरक गाउँपालिकाको तिरिङगे, सिरिजङ्गाउँपालिकाको सिकैचा क्षेत्रका बस्तीमा बन्धाकरण साथै रेविजभ्याक्सिन कार्यक्रम सञ्चालन गरिएको मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए।

उनका अनुसार, यस कार्यममा करिब तीन सय ६८ कुकुर र बिरालोलाई रेविजविरुद्ध खोप दिइएको छ। यसका अतिरिक्त, जनावरको स्वास्थ्यका लागि भिटामिन, लुतोको औषधि, र जुम्राको औषधि पनि वितरण गरिएको छ।कुकुर र बिरालोलाई रेविजविरुद्धको खोप लगाएपछि, रेडपाण्डासँग प्रत्यक्ष सम्पर्कमा आउँदा सम्भावित सङ्क्रमणबाट जोगाउन सकिने भएकाले विगत लामो समयदेखि कार्यक्रमलाई निरन्तरता दिँदै आएको मञ्चले जनाएको छ।

मञ्चका सदस्य भिङमारे लिम्बूकाअनुसार यही कात्तिक अन्तिम सातादेखि मंसिर पहिलो सातासम्ममा फुरुम्बु क्षेत्रका बस्तीमा रहेका कुकुरका लागि बन्ध्याकरण शिविर सञ्चालन गर्ने योजना पनि बनाएको छ। कुकुरको संख्या व्यवस्थापन स्वस्थ राख्न कार्यक्रम गर्न लागेको उनले बताए। बन्ध्याकरण कार्यक्रममार्फत कुकुरको संख्यालाई सन्तुलनमा राख्न सम्भव हुनेछ, जसले वातावरणमा थप सुरक्षा प्रदान गर्न मद्दत पुऱ्याउने मञ्चले जनाएको छ।

रेडपाण्डा संरक्षणका चुनौती

मञ्चकाअनुसार ताप्लेजुङको ग्राम्रीण क्षेत्रमा रेड पाण्डा वासस्थान र चरीचर क्षेत्र पर्दछ। ताप्लेजुङको सदरमुकाम फुङ्लिङ -९, १० र ११ वडा अर्थ पाथीभरा क्षेत्र रेडपाण्डाको बासस्थान पर्दछ। यस क्षेत्रमा समय समयमा पाथीभरा दर्शन गर्न जाने तीर्थयात्रीले रेडपाण्डा देख्ने गरेका छन्।

केहीवर्ष अघि पाथीभरा क्षेत्रमा रेडपाण्डा मरेको अवस्थामा फेला परेको थियो। अनुसन्धानका आधारमा प्रारम्भिक निष्कर्षमा रेडपाण्डाको मृत्युपछि सम्भवतःकुनै हिंस्रक जनावर, जस्तै कुकुरको आक्रमणले गर्दा मरेको निष्कर्ष भयो। यसले हिमाली संरक्षण मञ्चलाई झनै सचेत बनाएको कार्यक्रम संयोजक राईले बताउनुभयो। रेडपाण्डाको प्रत्यक्ष सम्पर्कमा पुग्न सक्ने कुकुर र बिरालोलाई रेविज विरुद्धको भ्याक्सिन दिने अभियानलाई निरन्तरता दिन थालिएको मञ्चले जनाएको छ।

रेडपाण्डाको आवासीय क्षेत्रमा कुकुर र बिरालोका कारण सुरक्षा चुनौती सिर्जना भएकाले यो समस्या समाधान गर्न मञ्चले स्थानीय समुदायको सहयोगमा काम गरिरहेको छ। समुदायमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्दै, स्थानीयलाई रेडपाण्डा संरक्षणको महत्व र यसका चुनौतीबारे अवगत गराउँदै आएको राईले बताए।

मञ्चका अनुसार प्रत्येक शिविरमा स्थानीयलाई संलग्न गराएर जनचेतना काकार्यक्रम सञ्चाल नगर्ने गरेको छ। जनावरसँग सम्बन्धित स्वास्थ्य कार्यक्रम, जनावरको जिम्मेवारीपूर्ण पालनपोषण र रेडपाण्डा जस्ता संरक्षणमा संवेदनशील वन्यजन्तुको सुरक्षाका लागि चेतनामूलक कार्यक्रमले रेडपाण्डा पाइने क्षेत्रका बासिन्दालाई आवश्यक जनचेतनाको विकास भएको छ। रेडपाण्डा संरक्षणमा स्थानीयको सहयोगबिना दीर्घकालीन सफलता सम्भव नहुने हिमाली संरक्षण मञ्चको विश्वास छ।

रेडपाण्डा संरक्षणमा भइरहेको अभियानले रेडपाण्डाको संख्या वृद्धि गर्न र वातावरणमा स्थिरता कायम गर्न महत्वपूर्ण योगदान दिने हिमाली संरक्षण मञ्चका अध्यक्ष चन्द्रमणि सुब्बा लिम्बूले बताए।

# मानव सेवा आश्रमद्वारा लहानमा ६ जना बेसहाराको उद्धार

**लहान/मस-** मानव सेवा आश्रमले लहान नगरपालिकामा सडक पेटीमा बस्दै आएका ६ जनालाई उद्धार गरेको छ। आश्रमले ती व्यक्तिहरूको कठिन जीवनलाई मध्यनजर गर्दै उनीहरूको पुनःस्थापनाको पहल थालेको हो। उद्धार गरिएकामध्ये अधिकांशको मानसिक अवस्था कमजोर रहेको र उनीहरू विभिन्न समस्याको कारणले सडकमा बस्न बाध्य भएका थिए।



उद्धारपछि उनीहरूलाई मानव सेवा आश्रमले सुरक्षित आश्रय, खानपान, स्वास्थ्य जाँच र आवश्यक मनोपरामर्श प्रदान गरेको छ। आश्रमका अनुसार, उद्धार गरिएका व्यक्तिहरूलाई समाजमा पुनःस्थापना गर्न आवश्यक कदम चालिनेछ, जसमा रोजगारीको अवसर र परिवारसँग पुनर्मिलनको प्रयास गरिनेछ।

मानव सेवा आश्रमले यसअघि पनि देशभरि यस्ता कार्यक्रम सञ्चालन गर्दै असहाय, बेसहारा र मानसिक असन्तुलन भएका व्यक्तिहरूलाई सहयोग गर्दै आएको छ। आश्रमका प्रतिनिधिहरूले समाजमा यस्ता व्यक्तिहरूलाई सहयोग गर्न सबैलाई आग्रह गर्दै मानवीय सेवामा सहभागी हुन अनुरोध गरेका छन्।

सडकमा बस्दै आएका बेसहारा व्यक्तिहरूको उद्धार र पुनःस्थापनामा मानव सेवा आश्रमको यो प्रयास प्रशंसनीय मानिएको छ।

VACANCY
ANNOUNCEMENT

*We are looking for Experience, Smart, Energetic & Dynamic Candidates for following job position:*

| S.N. | POST | No. Of Post |
|---|---|---|
| 1. | General Manager | 1 (Male/Female) |
| 2. | Accountant | 1 (Female) |
| 3. | PRO | 6 (Male/Female) |
| 4. | Admin assistant | 1 (Female) |

*Candidates should have 2 years experience in related field.*

**Salary and other benefits: Negotiable/Attractive**

*Interested candidate can send their CV*

Phone: 01-5916635, Mobile: 9803138780, 9866550748
Email : wellgrowing@gmail.com.

मध्यान्ह
www.madhyanhadaily.com
४ कात्तिक २०८१, आइतबार
20 October 2024, Sunday

## सम्पादकीय

# रास्वपाको गलत निर्णय

सहकारी बचत रकम ठगी आरोपमा रवि लामिछाने पक्राउ परेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सडक संघर्षको बाटो रोजेको छ । पार्टी सभापति लामिछानेलाई गोर्खा मिडिया नेटवर्क मार्फत् ६५ करोड रूपैयाँ अपचलनको आरोप लागेबाटै रास्वपाका नेता–कार्यकर्ता बचाउमा बोलिरहेका थिए । सहकारी बचत रकम ठगीको आरोपमा रास्वपा संसदीय छानबीनकै निम्ति तयार थिएन । जबकी पीडितहरूले लामिछानेको नामै किटेर जाहेरी दिएका थिए । सामान्यतया: किटानीसहित जाहेरी परेपछि प्रहरीले अनुसन्धान अगाडि बढाउने गर्छ । तर रास्वपाकै सभापतिविरूद्ध जाहेरी परेकाले प्रहरीले छानबीन अगाडि बढाएन । बरू यो अवधिमै रवि दुईपटक गृहमन्त्री भइसके । प्रहरीकै विभागीय मन्त्रीमाथि छानबीन हुने कुरै भएन । तर प्रतिनिधि सभाको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसले रविमाथि छानबीनको अडान राख्यो । संसदीय छानबीनकै मागसहित प्रतिनिधि सभा चल्न नदिएपछि एमाले सांसद सूर्यबहादुर थापा क्षेत्रीको नेतृत्वमा समिति बन्यो ।

त्यो समितिले ९९ दिन लगाएर प्रतिवेदन तयार पार्‍यो । प्रतिवेदनले रवि लामिछानेलाई समेत दोषी ठहर गर्दै कारबाहीको सिफारिस गरेको थियो । तर रवि र रास्वपा भने समितिको प्रतिवेदनप्रति नै गलत तर्क गरिरहेका छन् । उनीहरूको दाबी बमोजिम रवि निर्दोष हुन् । समितिको प्रतिवेदनबाट आफू निर्दोष सावित भएको तर्क लामिछानेको छ । तर प्रहरीले शुक्रबार रविलाई पक्राउ गर्‍यो । रवि समातिएपछि रास्वपाका नेता–कार्यकर्ता त्यसको प्रतिवादमा उत्रिएका छन् । रविलाई केन्द्रीय कार्यालय बनस्थलीबाट समातेर पोखरा लगिएपछि रास्वपाका अधिकांश नेताहरू पनि त्यही पुगेका छन् । पोखरा पुगेका नेता–कार्यकर्ताले शनिबार प्रदर्शन गरे । राजधानी उपत्यकामा पनि रविका समर्थकहरूले प्रदर्शन गरे । पक्राउ अघि रविले आमसाधरणसँग प्रदर्शनमा उत्रन अपिल गरेका थिए । उनको अपिल मान्नेहरूले प्रदर्शन गरिरहेका छन् । समर्थक र कार्यकर्ता उतारेर रास्वपाले रवि समातिनुको कारण राजनीतिक प्रतिशोध रहेको भाष्य स्थापित गर्न चाहेको देखिन्छ ।

रास्वपाका सभापति लामिछानेले पक्राउ अगाडि अदालतको न्यायिक निर्णयप्रति समेत शंका गरे । उनले अदालतबाट आफू दोषी ठहर भए त्यो सेटिङ हुने सन्देश दिन खोजेको सहज अनुमान लगाउन सकिन्छ । त्यसैले अदालतमा पनि मिलाउने काम भएको जानकारी आफूसँग रहेको उनले बताएका थिए । रवि र रास्वपाको चाहना जसरी हुन्छ निर्दोष ठहरिने रहेको प्रष्ट हुन्छ । तर निर्दोष सावित हुने अस्त्र चाहिँ सडक प्रदर्शन बनाउने उद्देश्य प्रष्ट छ । जबकी यो बेला रास्वपाले अनुसन्धानमा सहयोग गर्नुपर्ने हो । 'संसदीय छानबीन समितिबाट दोषी ठहर भएकाले थप अनुसन्धान गर्न हामी सहयोग गर्छौ, अरू दलका नेताहरूले पनि त्यस्तै हिम्मत गर्नुपर्छ' भन्ने माग राख्नुपर्ने हो । तर अहिले रास्वपाका नेताहरूले अरू दलमा पनि भ्रष्टहरू रहेकाले आफ्ना सभापतिलाई छोडिदिनुपर्छ भन्ने जस्तो तर्क गरिरहेका छन् । रास्वपाको प्रवृत्तिले विधिको शासन र संविधानवादलाई कमजोर बनाउने प्रष्ट छ । रास्वपाले गलत बाटो हिड्न हुन्न । यदि रवि निर्दोष भए सडकबाट होइन, न्यायिक निकायबाटै सावित हुनुपर्छ । सही बाटो त्यही हो ।

# बिजुली र नेपालमा चलचित्र

*संसारमा बिजुलीको चलन व्यापकरूपमा चलिसकेपछि चलचित्रहरू पनि धमाधम बन्न थाले । त्यही क्रममा सन् १९५१ अर्थात् विक्रम सम्वत् २००७ मा नेपाली भाषामा पहिलो पटक चलचित्र बन्यो ।*

अग्रलेख




● विजयरत्न तुलाधर

संसारमा २५० वर्ष पहिलेदेखि बिजुली प्रयोगमा ल्याउन थालिएको पाइन्छ । बेन्जामिन फ्रैंकलिनले सन् १७५२ गरेको खोज सफल भएसँगै विश्वले बिजुलीलाई उपयोग गर्ने अवस्था बनेको थियो । जसले विश्वलाई औद्योगिकरूपमा नयाँ युगमा पनि प्रवेश गरायो । समाजको बढ्दो आवश्यकताहरू पूरा गर्न कसरी बिजुली प्रयोग गर्न सकन्छि भन्ने निरन्तर खोज भइरह्यो । बिजुलीको सञ्चार चीमको माध्यमबाट भएको पाइन्छ । चीम भएकोले गर्दा हामीले बिजुलीको उज्यालोमा बस्न पाएका छौं । मानिसको लागि यस्तो उपयोगी बस्तु चीमको आविष्कार आजभन्दा १२६ वर्षपहिले अमेरिकामा भएको हो । त्यसको आविष्कार चाहिँ प्रसिद्ध वैज्ञानिक थोमस अल्वा एडिसनले गरेका हुन् । चीमको आविष्कारसँगसँगै संसारमा चलचित्रको पनि प्रादुर्भाव भनौं वा आविष्कार पनि भयो । यो सन् १८९५ को कुरा हो ।

विश्वमा सर्वप्रथम चलचित्रको जन्म सन् १८९५ मा फ्रान्सका दुई दाजुभाईहरू जर्ज लुमिएर र लुइ लुमिएरले गरेका थिए भने त्यतिबेला नेपालमा जहानियाँ राणा शासन थियो । जसका कारण संसारमा सर्वप्रथम चलचित्रको आम प्रदर्शन भएको ६५ वर्षसम्म नेपालमा चलचित्र निर्माण हुन नसकेको अवस्थामा रह्यो । नेपालमा वि.सं १९६८ मा राणा प्रधानमन्त्री चन्द्र शमशेर बेलायतको भ्रमण सकेर फर्किएपछि पहिलो पटक बिजुली उत्पादन भएको हो भनिन्छ । उनै चन्द्र शमशेरको प्रयासमा फर्पिङ्गमा चन्द्र ज्योति बिजुली कारखाना खोलिएको थियो ।

संसारमा बिजुलीको चलन व्यापकरूपमा चलिसकेपछि चलचित्रहरू पनि धमाधम बन्न थाले । त्यही क्रममा सन् १९५१ अर्थात् विक्रम सम्वत् २००७ मा नेपाली भाषामा पहिलो पटक चलचित्र बन्यो । उक्त चलचित्र पनि नेपालमा नभई भारतको पश्चिम बङ्गालको कलकत्तामा निर्माण गरिएको थियो । नेपालमा त त्यसको पन्ध्र वर्षपछि अर्थात् वि.सं. २०२२ सालमा तत्कालिन राजा महेन्द्रले भारतमा भेटेका चलचित्रकर्मी हिरा सिंहलाई नेपाल बोलाएर चलचित्र बनाउन लगाएका थिए । उसो त हिरा सिंहले वि.सं. २०१८ साल मै नेपाल आएर राजा महेन्द्रको जन्मोत्सवसम्बन्धी वृत्तचित्र पनि बनाएका थिए । तर, २०२२ सालमा तत्कालिन सरकारको प्रयासमा 'आमा' चलचित्र बनाएदेखि मात्र नेपालमा चलचित्र निर्माण कार्यको प्रारम्भ भएको हो । वि.सं. २००७ सालमा भारतमा बनेको नेपाली भाषाको पहिलो चलचित्र 'सत्य हरिश्चन्द्र' हो भने त्यसको १५ वर्षपछि २०२२ सालमा नेपालमा नै निर्माण भएको पहिलो नेपाली चलचित्र 'आमा' हो ।

तथ्यहरूलाई हेर्दा, नेपालमा चलचित्र निर्माण कार्य २०२२ सालबाट मात्र सुरु भएपनि विदेशी भाषाका चलचित्रहरूको प्रदर्शनी भने त्योभन्दा अगावै भइसकेको पाइन्छ । वि.सं. १९५८ साल बैशाख २४ गते सोमवारदेखि देशमा प्रकाशित 'गोरखापत्र'को प्रकाशन आरम्भ भयो भने गोरखापत्रको पहिलो अंकमा 'टुडिखेलमा तमाशा' शीर्षक दिई बैशाख २६ गते बुधवार साँझ टुँडिखेलमा चलचित्र हेर्न आउनु भन्ने बिज्ञापन रूपी सूचना छापिएको थियो । तत्कालिन राणा प्रधानमन्त्री देवशमशेरको शासनकाल उनी र उनकी श्रीमतीको सिन्दूर-जात्रा क्रममा उक्त दिन सर्वसाधारणलाई नि:शुल्क चलचित्र देखाइएको कुरा इतिहासविद्हरू बताउँछन् । यस अर्थमा यही मितिलाई नेपालमा



सर्वसाधारणका लागि नि:शुल्क पहिलो पटक चलचित्र प्रदर्शनी भएको दिनका रूपमा लिने गरिएको छ । यद्यपि, राजारानी, राणा प्रधानमन्त्री र उनीहरूको परिवार, नातेदारहरू, भाइ भारदार एवम् दरबारीयाहरूले त्यसअघि नै चलचित्र हेर्थे भन्ने कुरा नकार्न सकिँदैन ।

'गोरखापत्र'मा प्रकाशित विज्ञापनको व्यहोरा यस्तो थियो- श्री ३ महाराजबाट बेदाम्मा दुनियाहरूले हेर्न पाउन भनी टुडिखेलमा प्रोजेक्टास्कोप् अर्थात् मानिसले चलफिर गर्येको सब काम तसवीरबाट सोही बमोजीम दुरूस्त देखिन्या तमासा वैशाख गते २६ बुधवारदेखि हुनेछ । सो तमाशा हेर्नलाई अगाडि केटाकेटिहरू, ताहाँपछि नीज केटा केटीहरूका आमाहरू, वाहाँपछि लोग्ने मानिस हरू वाहाँ पछि वग्गीमा आउनेहरू अरू लाई नछेकने गरी रहने छन् ।

यस्तै, त्यसको ३२ वर्षपछि हलभित्र चलचित्र प्रदर्शन गरिएको अर्को एक तथ्य पनि भेटिन्छ । प्रधानमन्त्री जुद्ध शमशेरको शासनकालमा वि.सं. १९९० साल भाद्र १७ गते शुक्रवारका दिन सिंहदरबार स्थित तत्कालीन नाचघरमा अंग्रेजी र हिन्दीसमेत गरी जम्मा चार वटा चलचित्रहरू प्रदर्शन गरिएका थिए । ती चलचित्रहरू कुञ्जर शमशेरद्वारा विदेशबाट झिकाई उनकै आयोजकत्वमा सरकारी स्तरमा प्रदर्शन गरिएका थिए । त्यसपछि राजा र राणाका दरबारमा वर्षमा झन्डै १५/२० वटा जति विदेशी चलचित्रहरू प्रदर्शित हुने कुरा इतिहासविद् डा. हेमन्त शम्शेर राणाद्वारा प्रस्तुत गरिएको 'जनरल नर शम्शेर जंगबहादुर राणाको जीवनी' नामक पुस्तकको पृष्ठ ११० मा उल्लेख गरिएको छ ।

*वि.सं. २०११ सालपछि बिजुलीको प्रचलन बढ्दै गएपछि काठमाडौं जस्तो शहरमा मात्र नभइ देशका अरू शहर र गाउँहरूमा पनि सिनेमा घरहरू बन्न थाले । सिनेमा हलहरू बन्न नसकेका ठाउँहरूमा बिजुली बत्तीको सहारा लिएर घुम्ती हलहरू पनि खोलेर चलचित्र देखाएको इतिहास छ ।*

यसरी नेपालमा बिजुली बत्तीको उत्पादनसँगसँगै चलचित्र यात्राको पनि प्रारम्भ भएको देखिन्छ । चलचित्र प्रदर्शन गर्न बिजुली अनिवार्य साधन बनेको थियो । वि.सं. २००६ सालतिर काठमाडौंको नयाँ सडकमा काठमाडौं सिनेमा घर खोलियो पछि यस सिनेमा घरको जनसेवा हल नामाकरण गरियो । यो हल वि.सं. २०१८ सालमा आगलागिमा परेर नष्ट हुन पुग्यो । अहिले त्यो स्थानमा विशालबजार नामक व्यापारी भवन रहेको छ । वि.सं. २०११ सालपछि बिजुलीको प्रचलन बढ्दै गएपछि काठमाडौं जस्तो शहरमामात्र नभइ देशका अरु शहर र गाउँहरूमा पनि सिनेमा घरहरू बन्न थाले । सिनेमा हलहरू बन्न नसकेका ठाउँहरूमा बिजुली बत्तीको सहारा लिएर घुम्ती हलहरू पनि खोलेर चलचित्र देखाएको इतिहास छ । अहिले पनि कतैकतै घुम्ती सिनेमा घरको माध्यमबाट चलचित्र प्रदर्शन हुने गरेको पाइन्छ । यसरी हेर्दा, नेपालमा चलचित्रको विकासमा बिजुली बत्तीको ठूलो भूमिका रहेको प्रष्टै देख्न सकिन्छ ।

*(तुलाधर, वरिष्ठ रंगा पत्रकार हुन् ।)*

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

जतिसुकै 'अक्षम' होऊन्, राजनीतिक ढङ्गले सोच्नु र काम गर्नु भनेको के हो भन्ने कुरा पूर्व एमालेलाई हेरेर 'बा'का झङ्केलाहरूले बल्ल बुझ्दैछन् । जोकरले जति हँसाए पनि नेता हुन्न । नेता हुनको लागि सबैको कुरा सुन्ने र बुझ्ने क्षमता चाहिन्छ । आजकल खास एमालेहरू लाज र सर्मले मर्दैछन् ।



**- फणीन्द्र नेपाल**

हेर्दै जानुहोला, अब छिटै मारवाडी सेवा समितिले बाहेक अरू कसैले पनि पशुपति गौशाला र धर्मशाला राम्रोसँग चलाउन सक्नेछैनन् भन्ने निष्कर्ष निकालिनेछ र स्यालको हुय्याँ फैलाइनेछ । त्यसपछि नेपाल चलाउने जिम्मा मारवाडीलाई दिनुपर्छ भन्ने भाष्यको निर्माण हुनेछ । यो सबै प्रायोजित छ ।



**- निर्मल प्रसाइँ**

सार्वजनिक जमिन किर्ते वा कब्जामा हुनुको राज्यको विफलता हो । कौडीको भाउमा भोग चलन भइरहेको छ भने छुटकारा गर्नु, बक्यौता रकम उठाउनु सरकारको जिम्मेवारी हो । वर्षौंदेखि अपहरणमा परेको पशुपति धर्मशाला छुटाउन बालेन अग्रसर देखिन्छन् तर, ठुला सरकार डोजर जफत गर्छ । एसेटहरू छर्लङ्ग चिनियो ।



**- चन्द्र भण्डारी**

जनताको दु:ख देखेर राहत संकलनमा लागेका होलान् भनेको त आफ्नो राहतमा पो लागेका रहेछन् । कुन समय, परि स्थितिमा, कुन निर्णय लिने, के कार्य कोसँग गर्ने ? सन्नाटा ! लाज भन्ने शब्द कतै लजाउँदै छ कि ?

## तपाईंको राशिफल

- मेष : घरेलू जिम्मेवारी बढ्नेछ । आर्थिक पक्ष मजबूत हुनेछ ।
- वृष : कार्यमा अनावश्यक खर्च हुने योग छ । विरोधी सकिय रहनेछन् ।
- मिथुन : सरकारी सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा ध्यान दिनु होला ।
- कर्कट : सन्तान सुख प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।
- सिंह : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ ।
- कन्या : सन्तान सुखमा वृद्धि हुनेछ । धैर्यता बढ्ने योग छ ।
- तुला : पारिवारिक स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । स्थानान्तरण हुने योग छ ।
- वृश्चिक : नातागोताको सहयोग प्राप्त हुनेछ । वाणी संयम जरुरी छ ।
- धनु : पारिवारिक सदस्यहरूमा वृद्धि हुनेछ । लाभको अवसर प्राप्त हुनेछ ।
- मकर : शुभ समाचार प्राप्त हुनेछ । धन आर्जनमा वृद्धि हुने योग छ ।
- कुम्भ : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ ।
- मीन : नाता-गोतासँग भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संगीत उद्योगको अवस्था र सम्भावना

विचार



● शान्तिराम राई

लुइस फोन्सीको डिस्पासिटो स्पेनिस गीत नै विश्व बजारमा हालसम्म सर्वाधिक हेरिएको विश्व चर्चित गीत हो । विश्व चर्चाको शिखरमा रहेका असंख्य गीतहरूमा वीज खालिफाको सि यु अगेन, साइको ग्यांनम स्टाइल, साकिराको च्यान्टाजे, जस्टीन बिबरको बेबी, माइकल ज्याक्सनको थ्रीलर, ब्रायन यडम्सको एभ्रीथिं आइ डु आदि हुन् । हाल विश्व बजारको अर्थतन्त्रमै संगीतले व्यापक रूपमा सकारात्मक असरहरू पारिरहेका छन् ।

विश्व संगीतमा नेपाली संगीतको स्थान चाहिँ कतातिर होला त ? हामी यस विषयमा कम बहस गर्छौं । किनकि हाम्रो पहुँच त्यहाँसम्म छैन । यद्यपि, नेपाली संगीतभित्रै चाहिँ नेपाली सङ्गीतले के-कस्तो आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा असर पारेको छ त ? हामी यहीभित्र बसेर चाहिँ केही छलफल चलाउन सक्ने अवस्थामा छौँ ।

बहुलजाति, बहुलभाषि भएको नेपालमा लगभग बाह्रै महिना सांस्कृतिक उत्सवहरू पर्ने गर्दछन् । ती हरेक उत्सवहरू संगीतमय हुने गर्दछ । यस कारण पनि नेपालमा संगीतको बजार उर्वर छ । हरेक वर्ष दसौं अर्ब रुपैयाँ बराबरको सांगीतिक कारोबार हुने गरेको छ । यस हिसाबले नेपाली संगीत ठुलो उद्योगको रूपमा अगाडी बढिरहेको छ ।

*विद्युतीय र इन्टरनेटको सरल पहुँचका कारण ग्रामीण बस्तीहरूमा पनि युट्युब र सामाजिक सञ्जालमा भएका कन्टेन्टहरूलाई हेर्न मिल्ने र आफ्नो प्रतिक्रिया दिन मिल्नेका कारण आज गीत संगीतले फड्को मार्दै गइरहेको छ र कलाकार स्रष्टाहरूमा पनि स्वस्थ प्रतिस्पर्धाको भावना विकसित हुँदै गइरहेको छ ।*

हिन्दु महिलाहरूले विशेषरूपमा मनाउने यो वर्षको तीज पर्वमा मात्रै ६० करोड रुपैयाँ बराबरको तीज गीत तयार गरियो । र, हरेक वर्ष नै यही भोलुममा तीज संगीतमा आर्थिक कारोबार हुने गर्दछ । रिता थापाले गाएको 'ए आमा...' तीज गीतले दुई करोड भ्यूज लिएर छोटो समयमै सर्वाधिक हेरिएको तीज गीतको रेकर्ड बनाउन सफल भएको छ भने विष्णु माझीको 'मै छोरीले...' पौने दुई करोड भ्यूज बटुलेर सर्वाधिक हेरिएका तीज गीतहरूको सूचीमा नाम लेखाउन सफल भएका छन् । त्यस्तै, शान्ति श्री परियार र अर्जुन सापकोटाका तीज गीतले पनि चर्चाको शिखर चुम्न सफल भए ।

तीज गीतले सांस्कृतिक उत्सवलाई मनोरञ्जन पूर्ण मात्रै बनाएको छैन यस भित्रका गीति कन्टेन्टहरू विवादित पनि बनिरहेका छन् । उच्छृंखल शब्दहरू र भड्किलो छाडा दृश्यहरू भनेर यदाकदा समाजभित्र विरोध भइरहेमनि अन्ततः विरोध गर्नेहरू नै यस्ता कन्टेन्टका असली उपभोक्ता रहेको ज्योति मगरको भनाइबाट पुष्टि हुन्छ ।

पछिल्लो समय दीपकराज गिरी र दीपाश्री निरौलाको चलचित्र 'छक्कापञ्जा ५' को 'ब्रेकअप सङ' विवादमा तानिएको छ । त्यसो त चलचित्र चलाउन स्टनबाज नगरी नहुने हाम्रो समाजको मनोविज्ञानलाई दिपक दीपाले राम्ररी बुझेका छन् । तथापि, यो गीतले नेपाली गीत संगीतको छाला काढेको चाहिँ प्रस्टै छ । भोलि असाध्यै सस्ता, छाडा र भद्दा गीत नबन्ला भन्न सकिन्न । यसरी समाज बिथोल्ने, भड्काउने, टुटाउने, फुटाउने कुराको माध्यम गीत संगीतलाई नबनाएकै राम्रो हुन्थ्यो कि भनेर समाजमा टीका टिप्पणी हुन थालेको छ । तथापि, कथालाई सपोर्ट गर्ने मनोरञ्जनले भरिपूर्ण गीत नै बनेको हुनुपर्छ ।

चलचित्र चलाउन एउटा सभ्य र सांस्कृतिक गीत पनि काफी हुन्छ भन्ने उदाहरण त चलचित्र कुस्माको 'रुकुम मैकोट' नै हेरे पुग्छ । एसडी योगी र शान्ति श्री परियारले गाएको कुस्माको यो गीतमा नायक नायिकाको अब्बल नृत्य त्यसै पनि लोभ लाग्दो छ । छोटो समयमै लगभग दुई करोडमाथि गीतले युट्युब भ्यूज बटुलिसकेको छ ।

यस वर्षका गीतहरूमध्ये निश्चल दवाडी र शान्ति श्री परियारको 'गोर्खे खुकुरी' र बाबुकृष्ण परियार र दिपिका बयाम्बुको 'कस्मीरे पछ्यौरी'ले दर्शकको अपार माया पाएको छ । 'गोर्खे खुकुरी'ले पाँच करोड भ्युलाई उचाल्दै जाँदा 'कस्मीरे पछ्यौरी'ले तीन करोड भ्यू सुरक्षित गरिसकेको छ । विद्युतीय र इन्टरनेटको सरल पहुँचका कारण ग्रामीण बस्तीहरूमा पनि युट्युब र सामाजिक सञ्जालमा भएका कन्टेन्टहरूलाई हेर्न मिल्ने र आफ्नो प्रतिक्रिया दिन मिल्नेका कारण आज गीत सङ्गीतले फड्को मार्दै गइरहेको छ र कलाकार स्रष्टाहरूमा पनि स्वस्थ प्रतिस्पर्धाको भावना विकसित हुँदै गइरहेको छ । यसबाट निकट भविष्यमा नै समग्र नेपाली गीतसङ्गीतले विश्वसंगीतमा आफ्नो व्यावसायिक स्थान खोज्न थाल्ने संकेत गरेको छ ।

# इजरायली प्रधानमन्त्री नेतन्याहूको निवासलाई निशाना बनाइ ड्रोन हमला



**काठमाडौं/एजेन्सी–** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको निजी निवासलाई निशाना बनाइ शनिबार लेबनानबाट ड्रोन हमलामा भएको इजरायलको प्रधानमन्त्रीको कार्यालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

विज्ञप्तिमा नेतन्याहु र उहाँकी पत्नी सारा हमलाको समयमा घरमा नभएको तथा घटनामा कुनै चोटपटकको रिपोर्ट नभएको उल्लेख गरिएको छ । टाइम्स अफ इजरायलको रिपोर्ट अनुसार शनिबार बिहान लेबनानबाट उडाइएका अन्य दुई ड्रोनहरू इजरायलको हवाई सुरक्षा द्वारा खसालेका थिए ।

इजरायल र हमास बीच चलिरहेको द्वन्द्वको बीचमा, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले शुक्रबार गाजाका जनतालाई सम्बोधन गर्दै भने, 'यदि हमासले हतियार छोड्न र बन्धकहरूलाई फिर्ता गर्न सहमत भएमा युद्ध भोलि समाप्त हुन सक्छ ।'

इजरायलले हमास प्रमुख र अक्टोबर ७ मा भएको आक्रमणका मास्टरमाइन्ड याह्या सिन्वारको हत्या भएको पुष्टि गरेको केही घण्टापछि उनले यस्तो टिप्पणी गरेका हुन्। इजरायली रक्षा बलले बिहीबार सिन्वार र अन्य दुई आतंककारी इजरायलले मारेको खुलासा गरेको छ । नेतान्याहुले हमासले हाल गाजामा १०१ जनालाई बन्धक बनाएको खुलासा गरेका छन् । जसमा इजरायलसहित २३ वटा विभिन्न देशका नागरिकहरु रहेका छन् ।

इजरायली सेनाले शनिबार उत्तरी शहर बेत लाहियाको इन्डोनेसियाली अस्पताललाई घेरा बन्दी गरी आक्रमण गरेको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन्। इजरायलले अस्पताललाई पूर्णरूपमा घेरी बिजुली लगायतका सेवाहरु अवरुद्ध गरी अस्पतालका भवनहरुलाई निशाना बनाइ आक्रमण गरेको स्वास्थ्य सेवा निर्देशक मारवान सुल्तानले बताएका छन्। उनका अनुसार आक्रमणका कारण उक्त क्षेत्रका चिकित्सा कर्मचारी तथा बिरामीहरू गम्भीर जोखिममा रहेका छन् ।

गाजाको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इजरायलले अस्पतालका भवनहरुमा लक्षित गरी गरिएको आक्रमणमा मेडिकल स्टाफका अतिरिक्त ४० जना भन्दा बढी बिरामी घाइते भएको जनाएको छ । अस्पताल क्षेत्रमा भएको खतरनाक आक्रमणले बिरामी तथा स्वास्थ्य कर्मचारीहरूमा ठूलो त्रास निम्त्याएकोसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस महिनाको शुरुमा उत्तरी गाजामा नयाँ आक्रमण शुरु गरेको इजरायलले पुन: समूहबद्ध भएका हमास लडाकुलाई लक्षित गरेको जनाइएको छ । गाजाको नागरिक सुरक्षा एजेन्सीले यसअघि नजिकैको जबालियामा भएको इजरायली हमलामा ३३ जनाको मृत्यु भएको जनाएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय मामिला एजेन्सीले 'उत्तरी गाजामा सर्वसाधारणले सामना गरिरहेको डरलाग्दो र खतरनाक अवस्थाबारे चेतावनी जारी गर्दै यहाँका बासिन्दाहरु निरन्तरको आक्रमणका कारण पीडादयी अवस्थाको बीचमा बाँच्न बाध्य रहेको शुक्रबार जनाएको छ ।

इजरायली सेनाले लेबनानको राजधानी बेरुतको दक्षिणी क्षेत्रमा आक्रमण गर्ने चेतावनी दिँदै त्यहाँका बासिन्दालाई दक्षिणी बेरुतका केही भाग छाड्न शनिबार आह्वान गरेको छ ।

दक्षिणी उपनगर दाहियाह र विशेष गरी हेरेट हरेइक र वरपरका बासिन्दाहरूलाई तत्काल उक्त क्षेत्र छोड्न निर्देशन दिँदै इजरायली सैन्य प्रवक्ता अविचय अद्राईले एक्समा अरबी भाषामा लेखेको सन्देशमा भनेका छन्, 'तपाईं हिजबुल्लाहसँग सम्बन्धित क्षेत्र र यसको वरपर रहनुभएको छ। इजरायली सेना (आईडीएफ)ले निकट भविष्यमा त्यस क्षेत्रमा कारबाही गर्न लागेको छ।'

यसैबीच लेबनानको पूर्वी बेका उपत्यका क्षेत्रको एक सहरमा इजरायली आक्रमणमा परी शनिबार एक मेयरसहित चार जनाको मृत्यु भएको लेबनानको सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

सरकारी राष्ट्रिय समाचार एजेन्सीका अनुसार बालौल शहरको एक आवासीय भवनमा भएको आक्रमणमा परी चार जनाको मृत्यु भएको र उक्त आक्रमणमा नजिकैको सोहमोर शहरका मेयर हैदर शाहला पनि रहेको जनाइएको छ ।

यसैबीच, उद्धारकर्ताहरूलाई उद्धृत गर्दै गाजाबाट प्राप्त समाचारमा गाजाको उत्तरी क्षेत्रमा इजरायलले गरेको आक्रमणमा परी विगत दुई हप्तामा ४ सय भन्दा बढीको मृत्यु भएको उद्धारकर्ताले बताएका छन् ।

# सुडानमा ३० लाख बढी मानिस हैजाको जोखिममा



**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले शुक्रबार सुडानमा ३० लाखभन्दा बढी मानिसहरु हैजाको जोखिममा रहेको जनाएको छ । युनिसेफले पाँच वर्ष मुनिका छ लाख बालबालिकासहित करीव ३० लाख मानिसहरु हैजाको जोखिममा रहेको सामाजिक सञ्जाल एक्समार्फत जनाएको हो ।

युनिसेफका अनुसार सुडानमा सन् २०२३ अप्रिलमा भएको आन्तरिक द्वन्द्वका कारण अत्यावश्यक खोपको उपलब्धता ८५ प्रतिशतबाट घटेर करिब ५० प्रतिशतमा झरेको छ ।

द्वन्द्व प्रभावित क्षेत्रका ७० प्रतिशतभन्दा बढी अस्पतालहरु बन्द रहेको तथा अग्रपङ्क्तीमा रहेर स्वास्थ्य सेवा प्रधान गर्ने स्वास्थ्य अधिकारीलाई महिनौंदेखि तलव भुक्तानी नगरिएको यसनिसेफले जनाएको छ ।

आन्तरिक द्वन्द्व शुरु भएदेखि हैजा, मलेरिया र डेंगु ज्वरोजस्ता महामारी रोगहरू फैलिदा सयौंको मृत्यु भएको छ। सुडानको स्वास्थ्य मन्त्रालयले अगस्टमा देशमा हैजाको प्रकोप घोषणा गर्दै द्वन्द्व र अशुद्ध पानीको प्रयोग तथा बिग्रिदो वातावरणीय अवस्था हैजा फैलावटको कारण भनेको थियो ।

# इरानलाई इजरायलले 'कानूनी कदम चाल्न' दबाब दिएको टर्कीको भनाइ



**काठमाडौं/एजेन्सी–** लेबनान र गाजामा इजरायलले गरेको आक्रमणले इरानलाई 'कानूनी कदम' चाल्न प्रेरित गरिरहेको टर्कीका विदेशमन्त्रीले शनिबार इस्तानबुलमा आफ्ना इरानी समकक्षीसँगको संयुक्त पत्रकार सम्मेलनमा बताएका छन् ।

'इजरायलको आक्रामक अडानले इरानलाई कानूनी कदम चाल्न बाध्य पारिरहेको छ,' टर्कीका हाकान फिदानले इरानी विदेशमन्त्री अब्बास अरागचीसँग भने । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यस क्षेत्रमा निरन्तर नयाँ मोर्चा खोलिरहेको र इरानलाई यस युद्धमा तान्ने प्रयास गरिरहेको उनले बताए । उनले भने, 'युद्ध पूरै क्षेत्रमा फैलिने खतरालाई कम आँक्नु हुँदैन ।'

शुक्रबार इस्तानबुलमा पूर्वी यूरोप र पश्चिमी एशियाली क्षेत्रका मुलुकहरूको एक बैठकमा भाग लिएका अरागचीले लेबनानमा बढ्दो तनाव 'निकै चिन्ताको' विषय भएको बताएका थिए । उनले भने, 'यस क्षेत्रमा युद्धको सम्भावना जहिले पनि गम्भीर हुन्छ, र यहूदी शासकबाहेक अरू कोही पनि त्यस्तो नहोस् भन्ने चाहन्छन्। हामी तनाव कम गर्न चाहन्छौं, तर यसको अर्थ हामी जस्तोसुकै परिस्थितिका लागि पनि तयार छौं भन्ने पनि हो ।'

इरानले गाजामा हमास र लेबनानमा हिजबुल्लाहजस्ता इस्लामी समूहलाई समर्थन गर्दै आएको छ, यी सशस्त्र लडाकू समूहका शीर्ष नेताहरूलाई इजरायलले मध्यपूर्वको बढ्दो संकटमा मारेको छ ।

इरानले यमनमा हुथी विद्रोही, इराकमा शिया मिलिसिया र सिरियाको सशस्त्र बललाई पनि समर्थन गर्दै आएको छ । तेहरानले सामूहिक रूपमा उनीहरूका आक्रमण र मिलिशियाहरूलाई इजरायलविरुद्ध 'प्रतिरोधको चुली' भनेको छ ।

गत सेप्टेम्बर २७ मा बेरुतमा हिजबुल्लाहका प्रमुख हसन नसरल्लाहको हत्या र जुलाई ३१ मा तेहरानमा हमासका नेता इस्माइल हनियाहको हत्याको बदलामा इरानले करिब २०० क्षेप्यास्त्र प्रहार गरेको थियो ।

सन् २०२३ को अक्टोबर ७ मा भएको आक्रमणका मुख्य योजनाकार हमासका नेता याह्या सिनवारको बुधबार इजरायली आक्रमणमा मृत्यु भएको थियो । इरानको रिभोल्युसनरी गार्ड्सले इजरायलले इरानी लक्षमा आक्रमण गरेमा इजरायलको विरूद्ध 'कडा' प्रहार गर्ने चेतावनी दिएको छ ।

# जी–७ को रक्षा शिखर सम्मेलन नेपल्समा शुरु




**काठमाडौं/एजेन्सी–** मध्यपूर्वमा तनाव बढेको र युक्रेनमाथि दबाब बढ्दै गएको पृष्ठभूमिमा जी-७ का रक्षामन्त्रीहरूले शनिबारदेखि वार्ता शुरु गरेका छन् । जी सेभेन राष्ट्रको आलोपालो अध्यक्षता गरेको इटालीले रक्षामन्त्रीस्तरीय पहिलो बैठक दक्षिणी शहर नेपल्समा आयोजना गरेको हो ।

इटालीका रक्षामन्त्री गुइडो क्रोसेट्टोले नाटोका प्रमुख मार्क रुटलगायत सहभागी सबैलाई स्वागत गर्दै भने, 'आज हाम्रो उपस्थितिले हाम्रो लोकतान्त्रिक प्रणालीलाई अवरोध गर्न खोज्नेहरूलाई कडा सन्देश दिन्छ भन्ने मेरो बुझाई रहेको छ ।'

क्रोसेट्टोले शुक्रबार ब्रसेल्समा अन्तर्राष्ट्रिय समुदायले सामना गरिरहेको धेरै द्वन्द्वलाई मध्यनजर गर्दै आफूले शिखर सम्मेलनका लागि अनुरोध गरेको बताउँदै एक दिने शिखर सम्मेलनमा मध्यपूर्वमा बढ्दो द्वन्द्वबारे छलफल गर्न 'पर्याप्त स्थान' दिइने बताए । युक्रेनमा युद्ध, अफ्रिकामा विकास र सुरक्षा र एशिया-प्रशान्त क्षेत्रको अवस्था पनि एजेन्डामा छ ।

# एयर न्यूजील्याण्डको विमानमा बमको धम्की




काठमाडौं/एजेन्सी- सिड्नी एयरपोर्टमा एयर न्यूजील्याण्डको विमानमा बमको धम्की आएको स्थानीय सञ्चारमाध्यमले शनिबार जनाएको छ । स्काई न्यूज अष्ट्रेलियाका अनुसार, १४० यात्रु बोकी वेलिङ्गटनबाट सिड्नीका लागि प्रस्थान गरिएको एयर न्युजिल्याण्डको उडानमा यस्ता धम्की प्राप्त भएको थियो ।

फ्लाइट एनजेड-२४७ बेलुका ५:४० बजे वेलिङ्गटनबाट विमान सकुशल अवतरण भएको रिपोर्ट गरिएको छ ।

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य सेवा निर्देशनालय**
**जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला**

**क्याटलग / ब्रोसर सपिङ् विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८१/०७/०४**

यस कार्यालयको लागी देहाय बमोजिमको सवारी साधन सार्बजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ क(८) तथा सार्बजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्ता सबारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बीच प्रतिस्पर्धा गराउने (क्याटलोग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सबारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताहरूबाट उक्त मेशिन बिक्रिगर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्तभएको अनुमति पत्र, सो को नविकरण, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८०/८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, उक्त मेशिन सप्लाई गरेको हालसम्मको बिस्तृत बिवरण, सम्बन्धित कार्य अनुभबको प्रमाणपत्रहरुको प्रतिलिपी, उत्पादनको आधिकारिक प्राबिधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन १२ बजेसम्म यस कार्यालयमा छुटाछुटै निबेदन दर्ता गराउन आव्हान गरिएको छ । दर्ता गरिएका सिलबन्दी प्रस्ताबहरू सोहि दिनको १३:०० बजे खोलिने छ । पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.न. | ठेक्का न. | साधनको नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|---|
| १. | ०१-२०८१-८२ | 4wd double cab pick up | Diesel Engine, developing maximum rated power output not less than 60 BHP & maximum torque not less than 110 NM at governed RPM. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ . |

**कार्यालय प्रमुख**

**मधेश प्रदेश सरकार**
**भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहट**

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**सूचना नं. ०२/०८१/०८२** **प्रथम पटक प्रकाशित सूचना मिति : २०८१/०७/०४ गते**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहटको आ.व. २०८१/०८२ को तपसिलका स्वीकृत वार्षिक कार्यक्रमहरु संचालनका लागी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन (मिति २०८१/०८/०३ गते) सम्म कार्यालय समयभित्र ईच्छुक आवेदकहरुले तपसिल अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव दर्ता गराउनु हुन आह्वान गरिन्छ। साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागी समावेश हुन नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिलका कार्यक्रमहरुः**

| क्र.सं | कार्यक्रमको नाम | ईकाई | परिमाण | कुल अनुदान रकम | प्रति कार्यक्रम अनुदान रकम | अनुदान ग्राहीको योग्यता | पेश गर्नुपर्ने आवश्यक थप कागजातहरु |
|---|---|---|---|---|---|---|---|
| १ | पशु आहारा आत्म निर्भर कार्यक्रम (५०% साझेदारीमा) | पटक | ४ | १५ लाख | ३.७५ लाख | कृषक/कृषि फर्म/समुह/सहकारी (कृषक/पशु फार्महरुको हकमा कम्तिमा १० कट्ठा र समुह/ सहकारीको हकमा २ बिग्हा घाँस खेती गरेको वा गर्नुपर्ने ।) | |
| २ | पशु पालन असल अभ्यास कार्यक्रम (५०% साझेदारीमा) | पटक | १ | ५ लाख | ५० हजार | ब्यवसायीक पशु फार्म (माउ गाई/भैसिको हकमा १० वटा तथा माउ बाखाको हकमा २० वटा हुनुपर्ने) | |
| ३ | माँगमा आधारित पशुपन्छी फार्महरु पुन: स्थापना तथा सुधार कार्यक्रम (५०% साझेदारीमा) | पटक | १ | २५ लाख | २.५ लाख | ब्यवसायीक पशुपन्छी फार्महरु (माउ गाई/भैसिको हकमा ५ देखि १० वटा, माउ बाखाको हकमा १५ देखि २० वटा र स्थानिय कुखुराको हकमा ५०० र लेर्स कुखुराको हकमा १००० वटा हुनुपर्ने) | प्राकृतिक प्रकोपबाट हानी नोक्सानी सम्बन्धी स्थानिय तहको शिफारिस । |
| ४ | दुध जोन कार्यक्रम (५०% साझेदारीमा) | संख्या | २ | ४० लाख | २० लाख | पशुपालनमा आवद्ध समुह/सहकारीहरु | कम्तिमा दैनिक २० हजार लिटर दुध उत्पादन हुने क्षेत्र खुलाईएको स्थानिय तहको शिफारिस पत्र |
| ५ | समुह/सहकारी/कृषकहरुलाई जिबिकोपार्जनका लागी बोयर बाखा बितरण कार्यक्रम (५०% साझेदारीमा) | पटक | १ | ३५ लाख | | कृषक/समुह/सहकारीहरु | |
| ६ | मत्स्य उत्पादकत्व बृद्धि कार्यक्रम | पटक | १ | ५० लाख | २.५ लाख | कृषक/ निजी मत्स्य फार्महरु/ सहकारीहरु (कृषक निजी मत्स्य फार्महरुको हकमा कम्तिमा १० कट्ठा र सहकारकिो हकमा १ बिग्हा जलाश्य क्षेत्रमा मत्स्य पालन गरेको हुनुपर्ने ) | |

**तपसिल अनुसारका संलग्न गर्नुपर्ने कागजातहरु :**
१. रु. १०।- को हुलाक टिकट टाँसेका फा.नं. २ अनुसारको प्रस्ताव/आवेदन । २. फा.नं. ३ बमोजिमको कार्य योजना ।
३. कृषक समुह/सहकारी/ब्यवसायीक फार्महरुको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपी ।
४. कृषक/समुह/सहकारी/ब्यवसायीक फार्महरुको सबै सदस्यहरुको नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपी । ४. स्थायि लेखा नं. (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
५. समुह/सहकारी/ब्यवसायीक फार्महरुको हकमा करचुक्ता प्रमाणपत्र प्रतिलिपी । ६. समुह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपी ।
७. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । ८. लागत प्रतिबद्धता (स्वघोषणा) । ९. कार्यकम संचालन हुने स्थानिय तहको कृषि तथा पशु सेवा शाखाको शिफारिस ।
१०. सम्बन्धित बिषयमा तालिम तथा शैक्षिक योग्ताको प्रमाणपत्रको प्रतिलिपी । ११. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा जग्गा धनि प्रमाण पुर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गा धनीको सक्कल मन्जुरिनामा (कम्तिमा ५ बर्ष अवधिको)
१२. अन्य आवश्यक कागजातहरुः................पाना थान...... गरी कूल जम्मा पाना थान...... १३. सिलबन्दी खाम थान एक, लाहा छापको संख्या.......

**नोटः** पेश गरेको कागजातहरुमा (√) चिन्ह लगाउनु पर्ने छ ।
**पुनश्च :** निवेदन/प्रस्तावको ढाँचा यस कार्यालय वा कार्यालयको वेबसाईट vhlsecrautahat.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
**नोट :** थप जानकारीको लागी सम्पर्क पदाधिकारीहरु :- विरेन्द्र पसाद पटेल (अधिकृतस्तर छैठौं) मो. नं. ९८५८३२०४६३ मदन सिंह यादव (सहायकस्तर पाँचौ) मो. नं. ९८४५१००४६१

मध्यान्ह
www.madhyanhadaily.com
४ कात्तिक २०८१, आइतबार
20 October 2024, Sunday

# बक्स अफिस समाचार

## साउदीमा नेपाली चलचित्रको ऐतिहासिक प्रवेश, दूतावासद्वारा भ्रम निवारण

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, ३ कात्तिक

साउदी अरेबियाको इतिहासमै पहिलो पटक नेपाली चलचित्र 'छक्का पञ्जा ५' विभिन्न पाँच शहरका ९ हलमा प्रदर्शन भएको छ, जसलाई नेपाली कला र संस्कृतिको प्रवर्द्धनका रूपमा हेरिएको छ। तर यसलाई लिएर नेपाली समुदायमा केही भ्रम र बहस उत्पन्न भएपछि साउदी अरेबियास्थित नेपाली दूतावास, रियादले आधिकारिकरूपमा स्पष्टीकरण दिएको छ।

दूतावासले आफ्नो फेसबुक पेजमा यस ऐतिहासिक घटनाबारे राखिएको जानकारीमूलक सूचनामा नेपाल सरकार र साउदी सरकारबीचको सहकार्यका कारण नेपाली चलचित्रलाई साउदी अरेबियामा प्रवेश गराउन सम्भव भएको जनाइएको छ। यो नेपाली चलचित्रको ऐतिहासिक उपलब्धिलाई साउदी अरेबियामा रहेका नेपाली समुदायका विभिन्न संघ-संस्थाहरूको सहकार्य र स्थानीय मञ्चहरूको सहयोगले सम्भव बनाएको उल्लेख गरिएको छ।




**कला, संस्कृति र कूटनीतिक सहयोग**

दूतावासका अनुसार, नेपाली कला, संस्कृति, भाषा, साहित्य, नृत्य, संगीत, चलचित्र, पर्यटन, र व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकारको निर्देशनअनुसार विभिन्न गतिविधिहरू सञ्चालन हुँदै आएका छन्। नेपाली सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने उद्देश्यसहित विभिन्न सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिनुका साथै स्थानीय मञ्चहरूमा नेपाली संस्कृति र कलाका विविध पक्षहरूलाई प्रस्तुत गरिएको छ।

नेपाली चलचित्रको साउदी अरेबियामा प्रवेशसँगै नेपाली कला र संस्कृतिलाई विश्वभर चिनाउने उद्देश्यलाई निरन्तर अघि बढाइने दूतावासले जनाएको छ। यस्ता गतिविधिहरूले नेपाल र साउदी अरेबियाबीचको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

**भ्रम निवारणको प्रयास**

दूतावासले यस सन्दर्भमा समुदायमा देखिएको केही गलत बुझाइलाई चिर्दै स्पष्ट पार्दै भ्रमको निवारण गरेको छ। दूतावासले चलचित्र प्रदर्शनको जानकारीमूलक सन्देशलाई लिएर अनावश्यक भ्रम उत्पन्न भएको भन्दै यसमा कुनै द्विविधा नरहेको प्रष्ट पारेको छ। चलचित्र प्रदर्शनको यस प्रयासले साउदी अरेबियामा रहेका नेपाली समुदायको गर्व बढाएको बताउँदै आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने योजना रहेको दूतावासले जनाएको छ।

साउदी अरेबियामा कार्यरत नेपाली श्रमिकहरूको हित र सुरक्षाका लागि नेपाली दूतावास निरन्तर कार्यरत रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। विभिन्न कूटनीतिक प्रयासहरूमार्फत श्रमिकहरूको समस्या समाधानमा पहल गर्दै आएको दूतावासले परामर्श, सहयोग, र सामाजिक सेवाका कार्यक्रमहरू सञ्चालन गरिरहेको जनाइएको छ।





बलिउड अभिनेता अर्जुन कपूर र अभिनेत्री मलाइका अरोराले केही समयअगाडि आफ्नो प्रेम सम्बन्ध टुंग्याएका थिए। मलाइकाले अर्जुनसँगको ब्रेकअपबारे पहिलो पटक कुराकानी गरेकी छन्। उनले कुनै पछुतो बिना आफ्नो जीवन बिताइरहेको बताएकी हुन्। जीवनमा आफूले जे रोजेकी छिन्, त्यसले आफ्नो जीवनलाई आकार दिएको मलाइकाको भनाइ छ। ग्लोबलस्पा म्यागजिनसँग कुरा गर्दै मलाइकाले भनेकी छन्, 'मैले व्यक्तिगत र व्यावसायिक जीवनमा जे गरें, त्यसले मेरो जीवनलाई आकार दिएको छ। म कुनै पश्चात्ताप बिना बाँचिरहेको छु। चीजहरू जसरी थिए, म भाग्यमानी महसुस गर्छु।

मलाइकाका सौतेनी बुवा अनिल मेहताको निधनको समयमा उनलाई साथ दिन अर्जुन कपुर आएका थिए। अर्जुन कपूर अनिल मेहताको प्रार्थना सभामा पनि देखिएका थिए। अर्जुन र मलाइकाको सम्बन्धको चर्चा सन् २०१८ देखि शुरु भएको हो। जब उनीहरू एकसाथ एक फेसन शोमा देखिए।

मलाइकाको ४५औं जन्मदिनमा उनीहरूले सम्बन्धलाई पुष्टि गरेका थिए। त्यसपछि उनीहरुले एकअर्काको परिवारसँग समय बिताउन थाले। 'कफी विथ करण'मा अर्जुनले आफ्नो प्रेम जीवनलाई अलग स्तरमा लैजाने योजना भइरहेको बताएका थिए।

## 'फिरफिरे फिरिरी'को आइटम गीत सार्वजनिक



**काठमाडौं/मस–** हरर कमेडी फिल्म 'फिरफिरे फिरिरी' को आइटम गीत 'टिमिक्कै चोली' सार्वजनिक गरिएको छ। गायिका अनु चौधरीको स्वरमा रहेको गीतमा प्रशान्त सिवाकोटीको शब्द तथा संगीत छ। यो गीतको भिडियोमा मोडल अलिशा शर्माको आइटम डान्स हेर्न सकिन्छ भने सन्दीप श्रेष्ठ, मनोज कुमार अधिकारी लगायत यो गीतमा फिचर्ड छन्।

निर्देशक नविन भट्टले निर्देशन गरेको यो फिल्ममा मनोज कुमार अधिकारी निर्माता तथा नितिश पुन सह-निर्माता रहेको छन्। जितु तामाङको छायांकन, केशव राज भट्टको कोरियोग्राफी, एलिस कार्कीको ब्याकग्राउन्ड म्यूजिक, प्रशान्त सिवाकोटीको संगीत तथा अनन्त घिमिरेको सम्पादन र रंग संयोजन छ।

फिल्ममा भावना उप्रेती, रविना केसी, पुष्प अवस्थी, सूर्यमान लिम्बू लगायतका कलाकारहरुको अभिनय रहेको छ। फिल्म आर.आर फिल्मस्ले वितरण गर्दै छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०७/०४**

**फाल्कोन टेक नेपाल प्रा.लि. (Faalcon Tech Nepal Pvt. Ltd.)** को २०७९/०७/०२ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फाल्कोन टेक नेपाल प्रा.लि. (Falcon Tech Nepal Pvt. Ltd.) (प्रा.लि. नं.: २५५१३३)** कायम गर्ने गरी मिति २०७९/०७/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**परशुराम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जोगबुडा,डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रि शुल्क संकलनका लागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०४**

यस **परशुराम नगरपालिकाको** कार्यालय जोगबुडा, डडेल्धुराबाट आ.व.२०८१/०८२ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र परशुराम नगरपालिका आर्थिक ऐन, २०८१ को दफा १३, अनुसूची १४ को व्यवस्था बमोजिम र परशुराम नगरपालिका नगर कार्यपालिका बैठकको मिति २०८१/०७/०२ गतेको निर्णयअनुसार लगाउन सकिने देहायबमोजिमको नदीखोलाहरूको बिक्रि शुल्क (रोयल्टी) ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूलाई तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही विद्युतीय बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| बोलपत्र नं. | नदीखोलाको बिवरण | न्यूनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | संकलन/उत्खनन गर्नुपर्ने परिमाण (घन मिटर) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| IR/PM/०१/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, बहादुरे नाका (करावण्ड देखी महाकाली छेउ सम्म) | ४५,०४,६२४.४४ | ३१,८८८.८९ | ३,००० |
| IR/PM/०२/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) | ५४,०९,९२६.५१ | ३८,२९७.६५ | ३,००० |
| IR/PM/०३/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला | २९,१३,०४९.४४ | २०,६२१.९० | ३,००० |
| IR/PM/०४/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने सादनी खोला | २७,४८,१५०.५२ | १९,४५४.५६ | ३,००० |
| IR/PM/०५/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने महाकाली नदि (कलपटा घाटदेखि तल) | ३४,४९,००४.१६ | २४,४१६.०० | ३,००० |
| IR/PM/०६/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने शीर्ष खोला | ८,०५,९९८.१७ | ५,७०५.७८ | १,००० |
| IR/PM/०७/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने कलेना खोला | ९,१४,७२४.४२ | ६,४७५.४७ | १,००० |
| IR/PM/०८/२०८१/८२ | परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला | २,८५,६७४.४९ | २,०२२.३३ | १,००० |

बोलपत्र सम्बन्धी विस्तृत जानकारी वा अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा थप जानकारीको लागि विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np वा यस नगरपालिकाको वेबसाईट www.parshurammun.gov.np वा परशुराम नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**SAUDI मा रोजगार** | कम्पनी: MANARAT ALJAZERA FOR CONTRACTING EST शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ चलानी नं.: ६०२२६५२७ LT. No.: 312133

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 7 | 0 | स. काममा दक्ष | 2500 | ८९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ११ गते (27 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Al Haram Overseas Pvt. Ltd.**
Govt.Lic.No.: 1622/079/080
Samakhushi-26, Town Planning, Kathmandu.
Tel No:4975786/4975055
Email: alharamoverseas91@gmail.com

**साउदीमा रोजगार** कम्पनी: AL-SHALAWI INTERNATIONAL TRADING AND CONTRACTING COMPANY शहर: Dammam
पुर्व स्वीकृत मिति: २०८१/०६/२० चलानी नं.: ६०२२६७३० L.T. No.: 311887

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker / Labour | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक ११ गते (27 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic. No. 141/055/056
Sinamangal-9, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 01-4116686,014566772,014566771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

**साउदीमा रोजगार** कम्पनी: ALAYED HORIZON COMPANY FOR CAR MAINTENANCE शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०६/२३ चलानी नं.: ६०२२६७४८ L.T. No.: 312116

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ABDULLAH DHIRMAN AL AJMI TRADING SERVICES EST. शहर: Al khafji, पूर्व स्वीकृत मिति: २०८१/०६/२२ चलानी नं.: ६०२२६७४९ L.T. No.: 312054

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FAST LINE AUTO MAINTENANCE WORKSHOP शहर: Riyadh पूर्व स्वीकृत मिति: २०८१/०७/०१ चलानी नं.: ६०२२६७४७ L.T. No.: 312311

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FAYEZ ATTIA JATLI AL-HANTOUCHI AL-ANAZI CAR MAINTENANCE WORKSHOP शहर: Riyadh पूर्व स्वीकृत मिति: २०८१/०७/०१ चलानी नं.: ६०२२६७४६ L.T. No.: 312171

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: HOUR AND MORE ESTABLISHMENT TO SERVE DRINKS शहर: Saudi पूर्व स्वीकृत मिति: २०८१/०६/११ चलानी नं.: ६०२२६७५० L.T. No.: 311381

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Utensils Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor Kitchen | 1 | 0 | | 1200 | ४२,८८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक १३ गते (29 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

**कुवेतमा रोजगार** कम्पनी: Trust International General Trading & Contracting Co./ Saad Shajea Alajmi & Partner शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०७/०२ चलानी नं.: ६०२२६७८३ L.T. No.: 312398

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | स. काममा दक्ष | 150 | ६५,६९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ११ गते (27 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353 | 9801029271
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

**कुबेतमा रोजगार** कम्पनी: CANDELA LOUNGE BEAUTY SALON & SPA शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८१/०७/०२ चलानी नं.: ६०२२६७७६ L.T. No.: 312391

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technicians | 0 | 2 | स. काममा दक्ष | 150 | ६५,७२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ११ गते (27 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**JobSpot International Pvt. Ltd.**
Lic. No.: 835/066/067
**जबसपट इन्टरनेशनल प्रा.लि.**
चप्पल कारखाना-०४ काठमाडौं, फोन: ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६

# यु–१७ एसियन कप छनोटमा सहभागी हुने नेपाली टोलीको बिदाइ




**काठमाडौं/मस–** अक्टोबर २३ देखि २७ सम्म हुने एएफसी यु-१७ एसियन कप छनोट प्रतियोगितामा सहभागी हुने नेपाली राष्ट्रिय फुटबल टोलीको बिदाइ गरिएको छ । कतारमा हुने उक्त प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले शनिबार एक कार्यक्रमका बीच राष्ट्रिय यु-१७ फुटबल टोलीलाई बिदाइ गरेको हो ।

बिदाइ समारोहमा प्रमुख अतिथि तथा वाग्मती प्रदेश खेलकूद विकास परिषद्का सदस्य सचिव दीपक लामा, एन्फा अध्यक्ष पंकजविक्रम नेम्बाङ, महासचिव किरण राई, कार्यकारी समितिका सदस्य मनिष जोशी र मणिराज विष्टले टोलीलाई राष्ट्रिय झण्डा दिएर बिदाइ गरे ।

एन्फाले साजन डंगोललाई गिनिज बुक अफ वर्ल्ड रेकर्डमा एक घण्टामा पालैपालो खुट्टाले सबैभन्दा बढी फुटबल टच गरेको भन्दै सम्मान गरेको थियो । डंगोलले ९ हजार २ सय १८ टचसहित कीर्तिमान कायम गरेका हुन् । एन्फाले उनलाई ५० हजार प्रदान गर्ने घोषणासमेत गरेको छ ।

प्रतियोगितामा समूह 'एफ' मा नेपालसँगै जापान, कतार र मंगोलिया रहेका छन् । नेपालले आफ्नो पहिलो खेल अक्टोबर २३ मा जापानसँग खेल्नेछ भने दोस्रो खेल अक्टोबर २५ मा आयोजक राष्ट्र कतारसँग खेल्नेछ। नेपालले समूह चरणको अन्तिम खेल मंगोलियासँग अक्टोबर २७ मा खेल्नेछ ।

नेपाली टोलीमा पेम्बा नुर्बु भोट, रामबहादुर बोहरा, विशेष बानियाँ, प्रशान्त मोक्तान, सुजलमान घले, निशान राजलवट, भुवन कामी, एकराज विश्वकर्मा, जोन विष्ट, सविन कटुवाल, अनुभव पुरी, लक्ष्मण थामी, विज्ञान खड्का, सुभाष बम (कप्तान), आलिक श्रेष्ठ, सविनकुमार लुंगेली मगर, रोहित श्रेष्ठ, सन्तोष गोङ्बा, रञ्जित लामा, तेन्जिङ शेर्पा र दिग्विजय शाही रहेका छन् ।

# पौडीमा २ राष्ट्रिय कीर्तिमान



**काठमाडौं/मस–** नेपाल पौडी संघले वर्ल्ड एक्वेटिक्स च्याम्पियनसिपका लागि खेलाडी छनोट प्रतियोगिता आयोजना गरेको छ । शनिबार भएको उक्त प्रतियोगिता मा २ महिला र २ पुरुष गरी ४ खेलाडी छनोट भएका छन् । सातदोबाटो स्थित हिटिङ पौडी पोखरीमा भएको प्रतियोगितामा २ नयाँ राष्ट्रिय कीर्तिमान पनि बनेको छ । २०१३ को साफ गेममा नासिर हुसेनको नाममा बनेको राष्ट्रिय कीर्तिमान भंग गर्दै ४०० मि फ्रीस्टाइलमा अथर्भ सिंहले निर्धारित दूरी ४ मिनेट १६.०८ सेकेन्डमा पार गर्दै नयाँ रेकर्ड बनाए । हुसेनको उक्त समय ४:३३:०५ थियो ।

अर्को २०१० मा सप्पन्न १० औं फिना वर्ल्डकपको दौरान शैलेस सम्सेर जङ्ग बहादुर रानाको नाममा रहेको १०० मिटर आइएम को रास्ट्रीय कीर्तिमान तेन्जिङ रायन नाम्डोल गुरुङले बिस्थापित गरिएको छ । गुरुङले १:०३:१९ समयमा नयाँ रेकर्ड बनाएको छ । रानाको १:०९:२० समय रहेको थियो ।

पौडी संघले उक्त प्रतियोगिताबाट पुरुषतर्फ अजलकाजी ताम्राकार र अर्थभ सिंह तथा महिलामा दुवाना लामा र अनुसिया तन्डुकारलाई छनोट गरेको छ । अक्वा टाइमको आधारमा खेलाडी छनोट गरिएको छनोट समितिका सदस्य बिजेनमान श्रेष्ठले जनाएका छन् । वर्ल्ड एक्वेटिक्स हङ्गेरिको बुडापेस्टमा डिसेम्बर १० देखि १५ तारिखसम्म हुनेछ ।

# सगरमाथा फुटबल समूहको जित

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३ कात्तिक



उदयपुरमा शनिबारदेखि शुरु भएको दोस्रो स्व. कैलाश राई (युवराज) फुटबल प्रतियोगिताको उद्घाटन खेलमा सगरमाथा फुटबल समूह राजावास विजयी भएको छ । जिल्ल फुटबल संघ उदयपुरको समन्वय तथा त्रियुगा नगरपालिका-४ बगहा युवा समूहको आयोजनामा बगहाको पूर्वफुटबल खेलाडी कैलाश राईको सम्झनामा खेलाइएको प्रतियोगिताको उद्घाटन त्रियुगा नगरपालिकाको मेयर बसन्त कुमार बस्नेत तथा उपमेयर महेश्वरी राईले गरेका थिए ।

आर.वाईसी सिरहा फुटबल समूहविरुद्ध सगरमाथा फुटबल समूह राजावास उदयपुरबीच भएको खेलमा समय अवधिभर गोल हुन नसकेपछि खेल ट्राइब्रेकरमा गएको थियो । ट्राइब्रेकरमा सगरमाथा फुटवल समूह राजावासले सिरहा आर.वाईसी समूहलाई ४-३ गोलले पराजित गर्न सफल भयो ।

प्रतियोगितामा प्रथम, द्वितीय हुनेलाई क्रमशः नगद, ट्रफी, शिल्ड, प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । फुटबल प्रतियोगितामा ८ वटा समूहले सहभागिता जनाएका छन् । खेल १० गतेसम्म जारी रहने छ । प्रतियोगिताअन्तर्गत आइतबार बगहा युवा समूह बगहाविरुद्ध फ्यूजन फुटबल समूह बोक्सेबीच हुने आयोजकले जनाएको छ ।

# ब्राइट फ्युचरद्वारा आईएसएफ जिम्नासाइडमा सहभागी हुने टोलीको बिदाइ




**काठमाडौं/मस–** नैकापस्थित ब्राइट फ्युचर स्कुलले आईएसएफ जिम्नासाइड समर गेम्समा सहभागी हुने चन्द्रागिरि नगरपालिकाका खेलाडी, प्रशिक्षक र अफिसियललाई शनिबार बिदाइ गरेको छ ।

अक्टोबर २३ देखि ३१ तारिखसम्म बहराइनको मानामामा हुने आईएसएफ जिम्नासाइडमा चन्द्रागिरी नगरपालिकाबाट ३ खेलाडी, २ प्रशिक्षक र १ टोली प्रमुखसहित ६ जनालाई सफलताको शुभकामनासहित बिदाइ गरियो । पूर्व मन्त्री कृष्णगोपाल श्रेष्ठ, बागमती प्रदेशकी पूर्व युवा तथा खेलकुद मन्त्री रमा आले मगर, चन्द्रागिरी नगरपालिकाकी उप मेयर बसन्ती श्रेष्ठ, ब्राइट फ्युचरका प्रिन्सिपल दयाराम थापालगायतले एक कार्यक्रमबीच बिदाइ गरे ।

तेक्वान्दोमा उज्ज्वल वाग्ले, लवाङ लामा र निबिता केसीले प्रतिस्पर्धा गर्ने छन् । उज्ज्वलले पुरुष ७० केजीमाथि तथा लवाङ र निबिताले एकल र पेयर पुम्सेमा नेपालको चुनौती प्रस्तुत गर्ने छन् । प्रशिक्षकमा तेक्वान्दोका सुवास तामाङ र बक्सिङका दीपक महर्जन रहेका छन् । टोली प्रमुखमा नेपाल विद्यालय खेलकुद महासंघका उपाधयक्ष मोहनकुमार कार्की छन् ।

उनीहरुसहितको ५८ सदस्यीय टोली बुधबार बहराइन प्रस्थान गर्ने छ । नेपाल विद्यालय खेलकुद महासंघका महासचिव समेत रहेका अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघ (आईएसएफ) का कार्यकारी सदस्य राजकुमार कार्की भने शनिबार बहराइन प्रस्थान गरेका छन् ।

आईएसएफको आयोजनामा हुने प्रतियोगितामा नेपालले विभिन्न ५ खेलमा सहभागिता जनाउदै छ । नेपालबाट ब्याडमिन्टनमा १, बास्केटबलको पुरुष थ्री बाइ थ्रीमा १५ (४ टिम), बक्सिङमा ५, टेबलटेनिसमा ६ र तेक्वान्दो ५ खेलाडी सहभागी हुने नेपाल विद्यालय खेलकुद महासंघका सचिव एवं बहराइन जाने टोलीका व्यवस्थापक सोविनराज रेग्मीले जनाएका छन् ।

यु-२० उमेरसमूहको आईएसएफ जिम्नासाइड १९७४ मा पहिलोपटक जर्मनीमा भएको थियो । बहराइनमा हुन लागेको २० औं संस्करणमा पारासहित २६ खेल समावेश छन् ।

# कार्की बहराइन प्रस्थान



**काठमाडौं/मस–** नेपाल विद्यालय खेलकुद महासंघका महासचिव एवं अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघ (आईएसएफ) का कार्यकारी सदस्य राजकुमार कार्की शनिबार बहराइनको मानामा प्रस्थान गरेका छन् ।

बहराइनमा अक्टोबर २३ देखि ३१ तारिखसम्म हुने आईएसएफ जिम्नासाइड समर गेम्सको २० औं संस्करणमा सहभागी हुन कार्की बहराइन गएका हुन् ।

बहराइनमा कार्कीले आईएसएफको वार्षिक साधारण सभामा पनि भाग लिने छन् । कार्की आईएसएफअन्तर्गत तेक्वान्दो प्राविधिक कमिटीका अध्यक्ष पनि हुन् । पारासहित विभिन्न २६ खेल समावेश आईएसएफ जिम्नासाइडमा तेक्वान्दोको पनि प्रतिस्पर्धा हुनेछ । नेपालले तेक्वान्दोसहित ब्याडमिन्टन, बास्केटबल, टेबलटेनिस र बक्सिङ गरी ५ खेलमा सहभागिता जनाउदै छ । आईएसएफ जिम्नासाइडको उद्धाटन तथा समापन समारोहमा पनि कार्की सहभागी हुने छन् ।

आईएसएफ जिम्नासाइडमा सहभागी हुन आईएसएफले सोलिडारिटी प्रोजेक्टअन्तर्गत नेपाललाई खेलाडी र प्रशिक्षक गरी ११ जनालाई सुविधा प्रदान गरेको कार्कीले जानकारी दिए ।

## जापानमा रोजगार
**THE AIOI CHAMBER OF COMMERCE & INDUSTRY**
पुर्व स्विकृति मिति: २०८१।०७।०२ चलानी नं. ६०२२६७५१ LT No. 307163

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welding | 6 | 0 | सम्बन्धित कामका दक्ष | 168200 | क.नी. अनुसार | ८ घण्टा | ५ दिन | क.नी. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेरः १८ वर्ष देखि ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र ।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफे कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपी

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रा लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र **२) प्रशिक्षार्थीले तिर्नुपर्ने** (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र **३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान: अन्तरवार्ता: मेनपावर कार्यालयमा २०८१/०७/११ गते हुनेछ ।**

**नोटः वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।**

**वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः** १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रुपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**उम्मेदवार कडा शारिरिक परिश्रम गर्न सक्ने र जापानिज भाषा जानेको हुनुपर्नेछ।**

श्रम इजाजत नं.: ३०५/०५९/६०
HIMALAYAN JOB EXPLORER
**हिमालयन जब एक्स्प्लोरर प्रा. लि.**
पाटन ढोका, ललितपुर, फोन नं: 01-5520080, 5520081 email: info@himalayanjob.com.np

## मालपोत कार्यालय टीकापुरबाट प्रकाशित
### हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ३ बस्ने लालराम ड.थारुको छोरा सोनिया थरुनीको पति दलबहादुर थारुको मिति २०८१/४/२९ गते मृत्यु भइसकेको र पहिलो हकदार ज.ध.को १ एक मात्र सोनिया थरुनीको मृतक पति दलबहादुर थारुका नाममा दर्ता स्रेस्ता रहेको (घर जग्गा विहिन मुक्त कमैया प्रयोजनको) जिल्ला कैलाली दुर्गौली गा.वि.स. वडा नं. ६ क कि.नं. ११३ क्षेत्रफल ०१६९५ जग्गाको मोठ श्रेस्ता र ज.ध.द.प्र. पुर्जामा ज.ध. को बाबु/बाजेको नामथर, ना.प्र.नं., ना.प्र.पत्र जारी मिति जिल्ला र फोटो टाँस समेत नभएकोले जग्गाको मोठ श्रेस्ता र ज.ध.द.प्र पुर्जामा ज.ध. को बाबु/बाजेको नामथर, ना.प्र.नं. ना.प्र.पत्र जारी मिति जिल्ला कायम गरी मृतक दल बहादुर थारुको नाम लगत कट्टा गरी मेरो नाममा एकलौटी नामसारी दा.खा. गरि पाउँ भनि ज.ध. प्रमाण पुर्जाको सक्कल, चालु आ.व.को मालपोत तिरेको रसिद नापी कार्यालयको च.नं. २९४ मिति २०८१/६/८ को फिल्डबुक नक्सा प्लट रजिष्टर नागरिकता प्रमाण पत्रको प्रतिलिपी, नाता प्रमाणित प्रमाण पत्र, जानकी गा.पा. ३ नं. वडा कार्यालयको च.नं.५२६ र ५०८ मिति २०८१/६/८ र २०८१/६/७ गतेको सिफारिस पत्र, मृत्युदर्ता प्रमाण पत्र सहित यस कार्यालयमा मिति २०८१/६/८ मा निवेदन दिएकोले वडा कार्यालयको सिफारिस पत्र अनुसार बाजेको नामथर चिम्मन थारु, बाबुको नामथर लालराम डगौरा थारु ना.प्र नं.२८६ जारी मिति २०४४/१२/१५ कैलाली भएको ज.ध. दलबहादुर थारुको नाममा रहेको जिल्ला कैलाली दुर्गौली गा.वि.स. वडा नं. ६ क .कि. नं. ११३ क्षेत्रफल ०१६९५ जग्गा ज.ध.को पत्नी निवेदक सोनिया थरुनीका नाममा एकलौटी नामसारी दा.खा. नगर्नु पर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिनभित्र स-प्रमाण सहित हकदावी गर्न आउनुहोला अन्यथा ऐन कानुन बमोजिम सोनिया थरुनीका नाममा एकलौटी नामसारी दा.खा. भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

### गिटी, ढुंगा, वालुवा संकलन तथा विक्रि गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः– २०८१/०७/०४**

टेम्केमैयुङ गाउँपालिकाले तपसिलमा उल्लेखित नदि नाला तथा खानीको गिटी, ढुंगा तथा वालुवा संकलन तथा विक्रि गर्न न्यूनतम अंकमा नघटने गरी आ. व. २०८१/०८२ को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यवसायी, कम्पनी तथा फर्महरुबाट नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाणपत्र (PAN), फर्म वा कम्पनीहरुबाट आ. व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रतिलिपी पेश गरी निम्न बमोजिम रित पुऱ्याइ ठेक्काको लागि तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका स्थानहरुबाट गिटी, ढुंगा, रोडा तथा वालुवा संकलन र विक्रि गर्न सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| ठेक्का न. | संकलन केन्द्र वा खानी को नाम | उत्खनन् परिणाम (घन मिटर) | फारम शुल्क रु. | न्युनतम रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| ०१/आय/टेम्के/०८१/०८२ | पिखुवा खोला सेतिबगर, हिङ्गखुवा खोला, बङ्गुवा खोला, सावा खोला, हिङ्गुवा खोला, याङटाङ खोला, वाचिम्ले खोला, खुङ्गे खोला, गोगने खोला, हिले खोला, पिखुवा खोला गुम्बा, सिक्तेल खोला, सिरुवानि खोला, लप्से खोला, राउते खोला, घुर्विसे खोला, हाङ्लुङ्गटार खोला र छापछिरिङ्ग खोला क्षेत्र । | ढुङ्गा ३३५०<br>बालुवा १६१० | १,०००/- | १३,४४,४४२.०५ |

**दृष्टव्यः–**
गिटी, ढुंगा, वालुवा संकलन तथा विक्रि गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचनाका शर्तहरु यस गाउँपालिकाको वेवसाइट www.tyamkemaiyummun.gov.np मा हेर्न सकिनेछ। थप जानकारीको लागी प्राविधिक शाखाको मोबाईल नं. ९८४१९८२५०९ र ९८४२०९९५७१ मा बुझ्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**टेम्केमैयुङ गाउँपालिका**

## सुस्ता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

### वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/०७/०४**

| | |
|---|---|
| **योजनाको नाम** | सुस्ता गाउँपालिका वार्ड न ४ मा भएर बग्ने नारायणी नदीको १५ नं ठोकर देखि १६ नं ठोकर बीचको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्यको वातावरणीय अध्ययन |
| **प्रभाव पर्ने सक्ने क्षेत्र** | सुस्ता गाउँपालिका वार्ड न ४, नदी किनार र बगर क्षेत्र |

सुस्ता गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम निम्न प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सुस्ता गाउँपालिका वडा नं. ०४ वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र इमेल | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| सुस्ता गाउँपालिका कुडिया, नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश सम्पर्क नं.: 9857082309<br>इ-मेलः sustagaunpalika@gmail.com | नाम : दुरदर्शी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि<br>ठेगाना : सिद्धार्थनगर-०८, रुपन्देही<br>ईमेलः consultdurdarshi@gmail.com |

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
४ कातिक २०८१, आइतबार
20 October 2024, Sunday



# ‘तिहारका लागि प्रशस्त फूल, बिक्री स्थान तोके समस्या आउँछ’

व्यावसायिक फूलखेती गर्नेले रोपेको फूल बारीभरी ढकमक्क फुलेको छ । सयपत्री, मखमली फूलहरुले नेपालीको दोस्रो ठूलो चाड तिहारलाई निम्तो दिएको छ । नेपालमा गरिएको फूलखेतीको उत्पादनले गर्दा गत वर्ष जस्तै यो वर्ष समेत तिहारमा फूलको आयात गर्नुपर्ने देखिँदैन । गत वर्ष काठमाडौं महानगरले फूल बेच्ने निश्चित स्थान तोकिदिएपछि उपभोक्तामा असहजताको कारण सोचेजस्तो फूल नबिकेको व्यवसायीहरुको भनाइ छ । तिहारमा फूलको व्यवसाय र नेपालमा फूलखेतीको सम्भावनाको विषयमा तीन दशकदेखि फूलखेती गर्दै आएका नेपाल फ्लोरी कल्चर एशोसिएसनका पूर्व अध्यक्ष **कुमार कसजु श्रेष्ठ**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी गरेका छन् ।

**कुमार कसजु श्रेष्ठ**
पूर्वअध्यक्ष, नेपाल फ्लोरी कल्चर एशोसिएसन

**फूलको व्यापार बढी हुने पर्व तिहार नजिक आइसकेको छ, तिहारका लागि बिक्री गर्ने फूलहरुको तयारी कस्तो छ ?**

गत वर्ष एक्कासी काठमाडौं महानगरपालिकाले फूल बिक्री गर्ने स्थान तोक्दा बजार अव्यवस्थित बनेको थियो । व्यवस्थित गर्न भनेर स्थान तोकिएपनि फूल किन्ने र बेच्नेलाई असहज हुँदा धेरै व्यवसायी निरास भएका थिए । गत वर्ष बजारको उचित व्यवस्थापन नहुँदा धेरै किसानहरुले समेत लाभ लिन सकेनन् । तर, यो वर्षको तिहारको लागि बिक्री हुने फूलमालाको व्यापारलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । तिहारमा फूलका मालाहरु घर पसल र दाजुभाईलाई लगाइदिन प्रयोग हुँदै आएको छ । हाम्रोमा निश्चित स्थानमा मात्रै बिक्री हुन्छ भन्ने छैन । गत वर्ष न्यूरोडमा बिक्री गर्नुपर्ने फूल भृकुटीमण्डपमा बेच्न राखियो तर, बिकेन । उपभोक्ता न्युरोडतिर, फूलको बजार भृकुटीमण्डपमा भयो । बजारीकरणमा समस्याले धेरै फूलमाला खेर समेत भएको थियो ।

**तिहारका लागि फूलमालाको बिक्रीको स्थान तोक्दा समस्या हुन्छ ?**

हुन्छ नी । गत वर्ष फूल किन्नेलाई असुविधा भयो । फूलमाला भनेको वर्षमा एक दिन विषेशगरी तिहारमै धेरै प्रयोग गरिने वस्तु हो । सहर बजारमा तिहारमा सबै उपभोक्ताले फूल किन्ने गरेको फाइन्छ । अरु बेलामा जसलाई चाहिन्छ उसले मात्र किन्ने हो तर, तिहारमा आम उपभोक्ताको रोजाईमा फूलमाला पर्छ । फूलमाला एकदम जरुरी भयो भनेर किन्ने होइन । फूलहरु आफ्नो अगाडि देखेपछि किन्ने गरिन्छ । माला बेचिरहेको रहेछ यो लैजानु पर्छ भन्ने मानसिकता धेरैको हुन्छ । आँखा अगाडि नभइकन माला नै किन्न जान्छु भनेर निश्चित



स्थानमा जाने निकै कम हुन्छन् । यसलाई हामीले बुझाउन सकिरहेका छैनौं । फूलका उपभोक्ताहरुले आवश्यकता नै परेर फूल किन्ने गरेको पाइदैन । उपभोक्ताहरु फूल किन्न भनेर नर्सरीमा जाँदैनन्, बाटोमा जाँदै गर्दा देखियो भने किनेर लैजाने हाम्रोमा उपभोक्ता व्यवहार छ । यो हामी व्यवसायीले मात्र बुझेका छौं । त्यसैले यसलाई बजार व्यवस्थापन गर्ने निकायले बुझ्न् जरुरी छ ।

**अहिले तिहारको लागि फूलको आयात गर्नुपर्छ की पर्दैन ?**

अहिले जसरी देशभर फूलखेती भएको छ, त्यसले तिहारमा फूल आयात गर्नुपर्ने अवस्था नभएको देखाउँछ । किसानहरुले प्रसस्त फूल उत्पादन गरेकाले यस वर्ष फूलको आयात गर्नु पर्दैन । तर, बजारीकरणलाई व्यवस्थित गर्न तर्फ अहिले देखि नै हामीले तयारी गर्नुपर्ने हुन्छ ।

**तिहारको लागि फूलहरु तयार भइसकेको अवस्था छ ?**

यो वर्ष तिहार प्राकृतिक हिसावले सहि समयमा नै परेको छ । कात्तिकको १५ सयपत्री, मखमली फूल फुल्ने समयको लागि उत्तम समय हो । गत वर्ष तिहार ढिलो थियो । त्यो भन्दा अघिल्लो वर्ष छिटो थियो । यसपटक तिहार सहि समयमा छ । फूलहरु प्रसस्त फुलेका छन् । गुणस्तरीय फूल फूलेका छन् । अहिले छानेर उपभोक्ताले राम्रा-राम्रा फूलका माला बजारमा किन्न पाउनेछन् । गुणस्तरीय माला बजारमा दिन सक्ने हो भने यस पटक व्यापार बढ्ने देखिन्छ । बजारमा आर्थिक मन्दीको असर अझै बाँकी छ तर, चहलपहल विस्तारै बढ्दै गएको देखिन्छ । गत वर्ष २५ लाख भन्दा बढी माला बिक्री गर्ने अपेक्षा थियो । त्यति नै यो वर्षपनि हुन्छ भन्ने छ । सयपत्री फूलको अहिले देशभरी नै खेती गरिएको छ ।

व्यावसायिक रुपमा कर्णाली प्रदेशबाहेक सबै प्रदेशमा फूलखेती भएको छ । बिगतको वर्षमा भन्दा सयपत्री फूलको खेती गर्ने किसानहरुको संख्या समेत वृद्धि भइरहेको छ । अहिले कतिपय स्थानीय तहले फूलखेती र फूलको मालाको व्यापारलाई प्रोत्साहन गरिरहेका छन् । यो सकारात्मक कुरा हो । कृतिम फूलहरुको कारण हाम्रा फूलको व्यापारमा असर गरिरहेको थियो विस्तारै कम हुँदै गएको छ ।

**फूलखेती प्रति स्थानीय, प्रदेश र संघ सरकारले हेर्ने दृष्टिकोण कस्तो छ ?**

स्थानीय सरकारले अहिले सक्रिय भएको देखिन्छ । किसानहरुलाई तरकारी, खाद्यबाली, फलफूल, पशुपालनको लागि अनुदान दिएर प्रोत्साहन गरिरहेको पाइन्छ । अहिले फूलखेतीका लागि केही पालिकाले सहयोग गरेका छन् । फूलखेती नै भनेर लाग्ने कृषकको संख्या भने निकै कम छ । अब यसलाई थप बढाउनु पर्ने देखिन्छ । अब कृषि गर्ने भन्ने बित्तिकै मेहनतको आवश्यकता पर्छ । मेहनती मान्छेहरुको अभाव छ । पाखुरामा बल भएको युवा जनशक्ति देश छाडेर विदेश गएका छन् । यसको प्रभाव नेपालको अर्थतन्त्रमा नै परेको छ ।

**अन्त्यमा, फूलखेतीलाई बजारीकरण गर्नका लागि कसरी काम गर्नुपर्छ ?**

नेपालमा तिहारमा मात्र होइन १२ महिना नै फूलको प्रयोग हुन्छ । मठमन्दिर, पुजाआजा, विवाह वर्तबन्धदेखि मृत्युसंस्कारसम्म फूलको प्रयोग हुन्छ । अझै दैनिक रुपमा घरमै पूजा गर्नेहरुले समेत फूलको प्रयोग गरिरहेका हुन्छन् । हाम्रो नियमित रुपमै फूल व्यापार भएको हुन्छ । त्यसैले सरकारले फूलखेती गर्नेलाई सपोर्ट गर्ने हो भने फूलखेतीबाट राम्रो आम्दानी निकाल्न सकिन्छ । नेपाल भौगोलिक रुपमा जौविक विविधता भएको देश हो । अरु देशले फूल फूलाउनका लागि प्रविधिमा धेरै लगानी गर्नु पर्ने हुन्छ । नेपालमा भने प्रत्येक १० किलोमिटर नपुग्दै फरक-फरक हावापानी छ । सरकारले फूलखेतीको लागि संभाव्यता भएको स्थान खोजेर काम गर्ने वातावरण बनाइदिने हो भने नेपालमा फूलखेतीमा अथाह संभावना छ ।

## तामाकोशी जलविद्युत आयोजनाको मर्मतसम्भार शीघ्र थालिने

**काठमाडौं/मस** – ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बाढीबाट क्षतिग्रस्त माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको मर्मतसम्भार यथाशीघ्र थालेर बिजुली उत्पादन गरिने बताएका छन् । जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, दोलखाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलसहित



आयोजनाको क्षतिग्रस्त संरचनाको निरीक्षणपछि उनले आयोजनामा भएको क्षतिका कारण राज्यले अकल्पनीय घाटा व्यहोर्नुपरेको बताउँदै यथाशक्य चाँडो मर्मतसम्भार गरी विद्युत उत्पादन गरिने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री खड्काले आयोजनाबाट चाँडोभन्दा चाँडो विद्युत उत्पादन गर्न सरकारका तर्फबाट हरसम्भव सहयोग हुने प्रतिबद्धता दोहोऱ्याएको उनको निजी सचिवालयले जनाएको छ । आयोजनाका प्रमुख कार्यकारी अधिकृत मोहनप्रसाद गौतमले आगामी तीन साताभित्रमा विद्युत उत्पादन थाल्नेगरी काम भइरहेको बताए ।

## सुक्खाबन्दरगाहद्वारा तीन महिनामा १२ अर्ब ७५ करोड राजस्व संकलन

**वीरगञ्ज/रासस** – वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा १२ अर्ब ७५ करोड ७८ लाख २१ हजार राजस्व संकलन गरेको छ । कार्यालयले चालु आवको असोज मसान्तसम्मको अवधिमा कुल वार्षिक लक्ष्यको २१ दशमलव २५ प्रतिशत राजस्व संकलन गरेको हो ।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले गत आर्थिक




वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा राजस्व संकलन २५ करोड ८४ लाख ११ हजारले कमी भएको बताए । ‘गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधन र मदिराजन्य पदार्थको आयातमा गिरावट आएसँगै राजस्वमा प्रत्यक्ष असर पारेको देखिन्छ’, उनले भने, ‘चालु आवको दशैंमा पनि अपेक्षाकृत आयात बढ्न सकेन । जसले गर्दा राजस्वको लक्ष्य भेट्टाउन सकेन ।’

कार्यालयले चालु आवको पहिलो महिना साउनमा मासिक लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात तीन अर्ब ७५ करोड २२ लाख ११ हजार राजस्व संकलन गऱ्यो । त्यस्तै चालु आवको दोस्रो महिना भदौमा मासिक लक्ष्यको ८८ दशमलव ५० प्रतिशत अर्थात् चार अर्ब ६४ करोड १९ लाख एक हजार राजस्व संकलन गऱ्यो । त्यस्तै चालु आवको तेस्रो महिना अर्थात असोजमा भने मासिक लक्ष्यको ९० दशमलव ३१ प्रतिशत अर्थात चार अर्ब ३६ करोड ३७ लाख नौ हजार राजस्व संकलन गऱ्यो । सुक्खाबन्दरगाह भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको असोज मसान्तसम्मको अवधिमा १३ अर्ब ११ करोड ६२ लाख ३२ हजार राजस्व संकलन भएको थियो ।

## महिलाद्वारा डेरी उद्योग सञ्चालन मासिक १० लाखको कारोबार

**तनहुँ/मस** – तनहुँको देवघाट गाउँपालिका-५ स्थित चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले सञ्चालन गरेको डेरी उद्योगले डेरी पसल विस्तार गरेको छ । डेरी उद्योगमा संकलन भएको दुग्धजन्य पदार्थ बिक्री वितरणका लागि सोही वडाको टाउनचोकमा डेरी पसल सञ्चालनमा ल्याइएको हो । डेरीबाट उत्पादित दुग्धजन्य वस्तुहरु आफ्ना नियमित उपभोक्ता तथा सर्वसाधारणको सहजताका लागि टाउन चोकमा पसल सञ्चालन गरिएको सहकारीका व्यवस्थापक संगीता ओझाले जानकारी दिइन् । सहकारीले सञ्चालन गरेको डेरीबाट उत्पादित दुग्धजन्य पदार्थहरु दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवा अबदेखि उक्त पसलबाट पनि बिक्री वितरण गरिने ओझाले बताइन् । उनका अनुसार डेरी उद्योगमार्फत् मासिक १० लाख रुपैयाँको दुग्धजन्य उत्पादनको कारोबार हुँदै आएको छ ।



सहकारीलाई देवघाट गाउँपालिकाले दूधमा प्रोत्साहन रकम उपलब्ध गराएको छ भने उत्पादित वस्तुहरुको बजारीकरणमा हेफर इन्टरनेशनल नेपालले सहयोग गर्दै आएको छ । देवघाटका महिलाले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध संकलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपानलन, तरकारीखेती तथा सामूहिक रुपमा नगदेबालीको खेतीजस्ता आयआर्जनको काममा सदस्यलाई आबद्ध गराउँदै आएको छ । उक्त सहकारीमा हाल दैनिक पाँच सय ७० लिटर दूध संकलन हुँदै आएको छ । संकलित दूधलाई आफ्नै भवनमा रहेको उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको सहकारीका अध्यक्ष तारादेवी पन्तले जानकारी दिइन् । उनका अनुसार दूधबाट दुग्धजन्य पदार्थ दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवालगायत उत्पादन हुँदै आएको छ । सहकारीमा हाल सात सय ९४ जना शेयर सदस्य रहेका छन् ।

सहकारीमा देवघाटको वडा नं १, ४ र ५ का महिला सदस्य छन् । शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरुले उत्पादन गरेको दूध सहकारीले खरिदगरी दुग्धजन्य वस्तु उत्पादनगरी बिक्री गर्दै आइएको छ । उत्पादित दुग्धजन्य वस्तु चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौंडा, कावासोती, गैँडाकोटलगायत बजारमा डेरी पसलमार्फत् बिक्री गर्दै आएको छ । अध्यक्ष पन्तले भनिन्, ‘बचत संकलन तथा ऋण लगानीमार्फत शेयर सदस्यलाई व्यवसायमा सघाउने तथा उनीहरुको आर्थिक अवस्था सुधार्ने सहकारीको उद्देश्य हो । पछिल्लो समय सहकारीका सदस्य मिलेर समूह बनाएर सामूहिक रुपमा अदुवा र बेसारखेती गरेका छन् ।’

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**